- Various programmes were organized at Dipendra Police school, Sanga to mark the auspicious birthday of His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev and the 10th Parents Day of the school.



- श्रीमान् प्रहरीमहानिरीक्षक ज्यूबाट सशस्त्र प्रहरी गण नं. २ को कार्यालय-भवनको समुद्घाटन
- IGP Mr. Bohara inaugurates the office building of the Armed Police unit No. 2.

## श्रावण २०५०

- श्रावण १ गते अधिराज्यव्यापी प्रहरी बास्केटबल र चाँदमारी प्रतियोगिता सम्पन्न।

## JULY-AUG.

- Sravan 1, 2050 (16th July 93): A nation wide police basket ball tournament and shooting competition is held.



- कम्बोडियामा कार्यरत ८५ जना मध्ये ८४ जना प्रहरी कर्मचारी कार्यावधि पूरा गरी श्रावण ४ गते स्वदेश फिर्ता।
- Sravan 4, 2050 (19th July 93): Eighty four out of a total of eighty five police personnel return home upon completion of their assignment in Cambodia.



- श्रावण ३, ४ र ५ गते परेको अविरल वर्षाबाट अधिराज्यको विभिन्न स्थानमा गएको बाढी पहिरोबाट पिडित नागरिकको र श्रावण १६ गते एभरेष्ट एयरको विमान दुर्घटनामा प्रहरी अधिकृत तथा जवानहरूबाट तदारूकताका साथ उद्धारकार्य।
- Police personnel carry out relief operations for the victims of floods and landslides caused by the incessant rains on the 3,4 and 5th Sravan. (18th 19th & 20th July 1993). Police officers and other ranks effectively execute salvage operations at the crash site of the Everest Air Dornier aircraft, on the 16th of Sravan. (31st July).





- अधिराज्यव्यापी प्रहरी ब्याडमिन्टन र टेबुलटेनिस प्रतियोगिता सम्पन्न।
- A national level police badminton and table tennis tournament is held.
- कम्बोडियामा शान्तिस्थापना गर्ने सिलसिलामा कार्यरत रहंदा दिवंगत हुनुभएका स्व. श्रीप्रसाद गुरूंगलाई संयुक्तराष्ट्र संघद्वारा प्रदान गरिएको शान्तिसेवा पदक, उहांकी धर्मपत्नी श्रीमती माया गुरूंगलाई श्रावण २० गते प्रहरी महानिरीक्षक मोतीलाल बोहराद्वारा प्रदान।
- The Inspector General of Police Moti Lal Bohara presents the Peace Service Medal to Mrs. Maya Gurung, wife of the late Shri Prasad Gurung who died during peace keeping operations in Cambodia. The medal awarded by the United Nations was handed over to Mrs. Maya Gurung amidst a function on 20th Sravan, 2050. (4th August 1993)





- श्री ५ को सरकारको श्रावण १० को निर्णले ६० जना प्रहरी नायव निरीक्षकहरू प्रहरी निरीक्षक पदमा बढुवा।
- Sixty police Sub Inspectors are promoted to the rank of police Inspectors as per the Saravan 10 (25th July 1993) decision of His Majesty's Government.

### भाद्र २०५०

- भाद्र २५ गते प्रहरी प्रधान कार्यालयको आयोजनामा "अपराध-अनुसन्धान" विषयक गोष्ठी गरेर वर्तमान परिप्रेक्ष्यमा अपराध अनुसन्धानलाई परिस्कृत बनाउने मार्ग पत्ता लगाउने प्रयास। राष्ट्रिय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान, स्वास्थ्य मंत्रालय महान्यायाधिवक्ताको कार्यालय, कानून मंत्रालय, गृह मंत्रालय आदिका प्रतिनिधिहरूको साथै वकिल, स्वास्थ्यकर्मी, प्रहरी र सम्बद्ध व्यक्तिहरूको सहभागिता।

### AUG. -SPET.

- A seminar on Criminal Investigation was organized on Bhadra 25 (10th Sept, 1993) with a view to making criminal investigation more dynamic in the present day context. The seminar witnessed the participation of representatives of the Royal Nepal Academy for Science and Technology, the Health Ministry, the Office of the Attorney General, the Ministry of Law and the Home Ministry as well as lawyers, health workers and journalists.



- राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा २० जना सिनियर अधिकृतलाई लागूऔषध-नियन्त्रण सम्बन्धी तालीम प्रदान।



- The National Police Academy imparts training on Narcotics Control to twenty senior police officers.
- भाद्र २९ गते प्रहरी संगठनलाई समायानुकूल बनाउन श्री ५ को सरकारद्वारा श्री वीरबहादुर शाहीको अध्यक्षतामा ७ सदस्यीय "प्रहरी सुधार सुझाव आयोग"को गठन।
- His Majesty's Govt. constitutes a Police Reform Recommendation Commission under the Chairmanship of Mr. Bir Bahadur Shahi with a view towards effecting timely reforms in the organizational structure and other aspects of the police force.

**Chairman**



B.B. Shahi

**Members**



B.R. Pant



H.B. Singh



Dr. S. Thapaliya



K.B. Chand



B. K.C.



D.B. Pradhan
Member Secretary

- बाढी-पहिरो पिडितको सहयोगार्थ प्रहरी भेट्रान्स - ११ र राष्ट्रिय खेलकुद परिषद् भेट्रान्स - ११ का बीच प्रदर्शन फुटबल खेलको आयोजना।



- An exhibition football match was organized in Bhadra between Police Veterans 11 and National Sports Council 11 in aid of those affected by the floods and landslides.
- भाद्र १ गते देखि काठमाडौंका विभिन्न विद्यालयहरूमा विद्यालय सम्पर्क प्रहरी- कार्यक्रम संचालन।
- School based policing programme was organized in various schools of Kathmandu from the 1st of Bhadra (17th Aug. 1993).





- श्री ५ को सरकार, डि.इ.ए. र यु.एस. कस्टम्सको संयुक्त तत्वाधानमा अमेरिकी प्रशिक्षकहरूद्वारा ३ दिने एयरपोर्ट इन्ट्रायाडिक्सन तालिम नेपाल प्रहरी, भन्सार, हुलाक तथा अध्यागमनका अधिकृतहरूलाई प्रदान।
- A three day training programme on Airport Intradiction for the officers of Nepal police, Customs officers and officers of the Postal Department was organized under the joint auspices of His Majesty's government, D.E.A. and U.S. Customs.

## आश्विन २०५०

- संयुक्तराष्ट्रसंघीय शान्ति रक्षक प्रहरीको रूपमा खटिएको नेपाली कन्टिजेन्टका कमाण्डर प्रहरी नायब महानिरीक्षक कृष्णमोहन श्रेष्ठ आफ्नो कार्यावधि पुरा गरी आश्विन १ गते स्वदेश फिर्ता।

## SEPT. - OCT.

- DIG Krishna Mohan Shrestha who was assigned as the commander of the Nepalese contingent to the UN Peace keeping force in Cambodia returns home on the 1st Ashwin (17th Sept. 1993) upon completion of his duty.




- यही असोज १३ गते देखि १९ गतेसम्म अरूवाको राजधानी अरेन्जष्टाइमा सम्पन्न अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) को ६२ औं महासभामा नेपाल प्रहरीको तर्फबाट प्रहरी महानिरीक्षक मोतीलाल बोहरा, प्र.व.उ. गोबिन्द प्रसाद थापा तथा प्र.ना.उ. आमोदचन्द्र गुरूङ्गले भाग लिनुभई २८ गते स्वदेश फिर्ता।
- IGP Mr. Motilal Bohara returns home after leading a delegation of Nepal Police to the 62nd General Assembly of Interpol held in the capital of Aruwa from Sept. 29 to Oct. 5th. Other members of the delegaton were SSP Govinda Prasad Thapa and Dy. S.P. Amod Chandra Gurung.





# मानव अधिकार र प्रहरी

कृष्ण पहाडी
अध्यक्ष, एमनेष्टी इन्टरनेशनल (नेपाल)

संसारको कुनै न कुनै भूभागमा घटेको विश्वव्यापी घटना-चक्रलाई नियाल्ने हो भने मानव अधिकार उल्लंघनका समाचारहरू दिनहुं पढ्न पाइन्छन्। त्यस्तो उल्लंघनको विरोधको क्रम एकातिर निरन्तर छ भने उक्त विरोध अतिशयोक्तिमा आधारित भएको आरोप वा गुनासो पनि वर्तमान विश्वको दैनिकी भइसकेको छ। आरोप-प्रत्यारोपको क्रम जे जस्तो भए पनि मानव अधिकार उल्लंघनको विषयलाई सामान्य घटनाको रूपमा लिइनु हुन्न भन्ने सन्देश २१ औं शताब्दीतर्फ उन्मुख समयको मागले स्पष्ट गरेको छ। संयुक्तराष्ट्रसंघद्वारा प्रतिपादित मानव अधिकारको विश्वव्यापी घोषणापत्र नै मानव अधिकार आन्दोलन वा अभियानको सूत्र हो।

यस अन्तर्गत मानव अधिकारको विषयसंग प्रत्यक्ष सम्बन्धित कानून कार्यान्वयन गर्ने अधिकारी वा निकायले पालन गर्नुपर्ने न्यूनतम मापदण्ड पनि तोकिएको छ। सर्वप्रथम प्रहरी प्रशासनको विषयमा केही भन्नुपर्दा मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र, सो मा आधारित अनुबन्ध संविदा र महा-सन्धिहरू लगायत यथेष्ट जानकारी टड्कारो रूपमा गराइनुपर्ने देखिन्छ। विद्यालय स्तरदेखि नै मानव अधिकार शिक्षा उपलब्ध हुनसकेको खण्डमा यो कार्य अझ सरल हुने र तालीम अवधिमा यस बारेको जटिल सन्दर्भमा ज्यादा ध्यान केन्द्रित हुनसक्ने वातावरण आफसे आफ बन्नेछ। प्रहरी प्रशासनलाई समयानुकूल बनाउंदै यस बारे यथेष्ट जानकारी गराई अघि बढाउन सके मानव अधिकार संरक्षणको दिशामा ठोस उपलब्धि हुनेछ। कुनै पनि विषय व्यवहारको धरातलमा खरो नउत्रेसम्म या सार्थक प्रस्तुति नहुन्जेलसम्म शब्दजालमा मात्र सिमित रहन्छ। प्रहरी प्रशासनले एउटा आधारभूत तथ्य सदैव के हृदयंगम गर्नुपर्दछ भने न्याय दिने निकाय प्रहरी प्रशासन होइन। यसका लागि अदालत र जनता माझ सेतुको वा सम्पर्कसूत्रको भूमिका मात्र उनीहरू निर्वाह गरिरहेका हुन्छन्। कुनै पनि व्यक्तिलाई गिरफ्तार गरिंदा त्यसबारे उचित अनुसन्धान पूरा भएपछि, प्रमाण फेला परेपछि मात्र गिरफ्तार गरिनुपर्छ न कि गिरफ्तारी पश्चात् सबूद प्रमाणको भागदौडमा रातदिन एक गर्नु परोस्। कुनै पनि हालतमा कुनै पनि बन्दीलाई शारीरिक वा मानसिक यातना दिनु हुंदैन।



लेखक प्रहरी प्रशिक्षार्थीहरुलाई मानव अधिकार सम्बन्धी प्रवचन गर्नुहुँदै।
The author delivering a lecture to police trainees on human rights.

अभियुक्तका विरूद्ध साक्षी प्रमाण जुटाउने क्रममा वैज्ञानिक प्रविधि र नयां खोजको सहारा लिइनु पर्दछ न कि परम्परागत हतियारको रूपमा यातनाको अवलम्बन गरियोस्। यातनाद्वारा हासिल गरिएको निचोड वा बकपत्र यसै पनि अमान्य हुने विधि सिर्जना भंइसकेको परिप्रेक्ष्यमा प्रहरी-प्रशासनलाई समयानुकूल, परिष्कृत र परिमार्जित तुल्याउन सम्बन्धित निकायले वैज्ञानिकीकरणतर्फ उन्मुख वर्तमान विश्वको भावना अनुरूप कार्यक्रम चलाउनु अत्यन्त आवश्यक देखिन्छ र समयको माग अनुरूप परिस्थितिको सामना गर्दै उपयुक्त विकसित साधनद्वारा प्रहरीलाई सुसज्जित तुल्याउनु पनि उत्तिकै आवश्यक देखिन्छ।

पुनश्च यहां यो तथ्य पुनः दोह-याउनु उचित नै हुनेछ कि प्रहरी न्याय-सम्पादन गर्ने निकाय होइन। विधिद्वारा संचालित हुने राज्यमा प्रहरी भनेको पहरेदार हो। यस्ता पहरेदारहरू कुनै पनि हालतमा हिंस्रक हुनुहुंदैन र सकेसम्म कममन्दा कम बल प्रयोग गर्नुपर्दछ। गोली गठ्ठाको कममन्दा कम प्रयोग गर्नु र भरिसक्य हिंसात्मक मुठभेडलाई अरू नै माध्यमबाट परास्त गर्ने वातावरण सिर्जना हुन जरूरी देखिन्छ। यद्यपि यसका लागि समाजको हरेक पक्ष सु-संस्कृत हुनुपर्ने आवश्यकता पनि त्यत्तिकै टड्कारो छ।

मानव अधिकार उल्लंघनको सन्दर्भमा पहिला आलोचित हुने निकाय पनि प्रहरी नै हो। तसर्थ प्रहरीले कुनै ठाउंमा गोली चलाउनु पर्ने स्थिति आए पनि यो बिर्सनु हुंदैन कि समास्याको कुनै समाधान नभए मात्र शक्तिको प्रयोग उचित मानिन्छ र त्यसका लागि उनीहरूले यथेष्ट प्रमाण पेश गर्नुपर्ने हुन्छ। नेपालको सन्दर्भमा लागूपदार्थका अम्मलीहरूबाट आजित भएका अभिभावकहरूले आफ्ना त्यस्ता सन्तानहरूलाई सुधार्न आफ्नै अनुरोधमा प्रहरी हिरासतमा राख्न लगाएका घटनाहरू पनि देखिएका छन्। प्रहरी शिविर वा हिरासत कुनै पनि अर्थमा सुधारगृह बन्न सक्दैन। त्यस्तै कानूनले

अपराधी तोकेका व्यक्तिका सन्तानहरूको यस दुनियाँमा हेर्ने अरू कोही छैन भनेर आमासँगै हिरासत वा कारागारमा राख्ने वातावरणलाई कुनै पनि अर्थमा प्रश्रय दिनु हुँदैन।

सम्बन्धित अदालतले दोषी प्रमाणित नगरेसम्म कुनै पनि अभियुक्त कानूनको नजरमा निर्दोष हुन्छ भन्ने तथ्यलाई पनि प्रहरीले कहिले बिर्सनु हुँदैन। यद्यपि समयको माग अनुरूप प्रहरी प्रशासन तथा कानून कार्यान्वयन गर्ने निकायलाई सक्षम तुल्याउन नसक्नु वा तद्नुरूपको उचित साधन स्रोत उपलब्ध गराउन नसक्नु पनि कतिपय अर्थमा मानव अधिकार उल्लंघनको कारण बन्न सक्दछ। यसै पनि मानव अधिकारको मर्ममा आधारित संस्कृतिको निर्माण गर्नु अत्यन्त आवश्यक देखिन्छ। त्यस्तो संस्कृतिले हिजोको परम्परागत मान्यतालाई तोडेर नयाँ युगको सूत्रपात गर्न मद्दत गर्नेछ। त्यस्तो संस्कृति अनुरूपको मानसिकता सिर्जना हुनसकेको खण्डमा मानव अधिकारको फाँटमा देखापरेका कैयन् विकृतिहरू स्वतः समाप्त हुनेछन्।

मानव अधिकार उल्लंघनको लागि समाजको हरेक पक्ष थेरथोर रूपमा जिम्मेवार किन नहोस् तर ज्यादा दोष र जिम्मेवारी कानून कार्यान्वयन गर्ने निकायकै देखिन आउँछ र यसो हुनु स्वभाविक पनि हो। तसर्थ प्रहरी प्रशासनले त्यस्तो सिकायत आएको खण्डमा आफ्नो पक्षलाई स्पष्ट गर्न सक्नुपर्दछ। साथै यातना जस्ता घटनामा कोही संलग्न भए वा दोषी पाइए सम्बन्धित व्यक्तिलाई कारबाही गर्नुपर्दछ र त्यस्तो घटनालाई निरूत्साहित गर्नुपर्छ भन्ने मान्यता संयुक्तराष्ट्र संघद्वारा विकास गरिएका महासन्धिहरूको तीव्र भावना हो।

अन्त्यमा, नेपाल प्रहरीको चुस्त प्रवृत्तिलाई मानव अधिकारको मापदण्ड अनुरूप खरो उतार्न सके यसले विश्वमा नै प्रशंसा पाउन सक्ने संभावना छ। त्यसका लागि समयको धारसँगै नयाँ मान्यताहरू स्थापित गर्न थुप्रै मेहनत र प्रयास गर्नुपर्ने देखिन्छ।

# Human Rights and the Police Force

Krishna Pahadi
Chairman, Amnesty International Nepal.

An overview of events taking place in various parts of the world would reveal that violation of human rights is a common phenomenon. On the one hand, such violations are protested against continuously, while on the other, it is very common in the present day context, that such protests are allegedly described as unduly exaggerated. Whatever the series of charges and countercharges regarding human rights violation, the call of the present day world, on the threshold of the twenty first century is the clear message, that the issue of human rights violation should not be taken lightly. The Universal Declaration of Human Rights as adopted by the United Nations is the sole guiding principle of the human rights movement.



Under this declaration, a minimum basic standard has been established for the law enforcement officials or agencies directly involved on the question of human rights. Firstly, speaking of the police administration, it is obvious that the police personnel must be sufficiently made aware of the Charter of the Universal Declaration of Human Rights, Covenants, Conventions and general agreements based on the Charter. This task would become much simple if human rights education is introduced at the school level. This would create a conducive atmosphere for greater attention on this complex issue during the training period of police personnel. If the police administration can be made well informed on the latest developments concerning human rights issues, the protection of human rights can go a long way and this would be a significant achievement.





गोष्ठीका सहभागीहरु छलफलको क्रममा
**Extensive group discussions during the seminar on human rights and Nepal Police.**

Every important subject, unless brought into concrete use at the practical level and applied meaningfully would be confined to a mere jumble of words. The police personnel should always keep one basic fact in mind that the police

administraton is not the agency to dispense justice. They act as a bridge or a link between the court of law and the people. Every arrest of an individual must be preceded by a proper and thorough investigation supported by evidence: not that someone is arrested first and streneous efforts are made to justify the arrest. Similarly, under no circumstances should any one detained be subjected to physical or mental torture.

While collecting evidence against the accused, scientific techniques and new research methods should be followed in the place of conventional tools of interrogation. It is the provision of law, that any statement or confession extracted under torture is invalid. In keeping with the general trend all over the world that the police administration is being oriented towards timely improvements and modernization, it is essential that the police force follow such measures and that they be equipped with advanced facilities as required to deal with the changing times.

Once again, this important fact needs to be stressed that the police force is not the law administering agency: in the state constituted under the rule of law, police force is the sentinel of society. These sentinels of society must not be violent under any circumstances and they should apply the least amount of force in their action. It is necessary to create an environment in which bullets and guns would be used less and less while alternative measures would be sought to check violent encounters. However, it must be expressed that every section of society must be well behaved to realize this objective.

In the context of human rights violation, the agency first to be criticized is the police force. Therefore, the police force must not forget that even when they have to resort to the use of fire-arms, force must be used as the last resort and they have to submit sufficient evidence to justify it. In the context of Nepal, some guardians of drug addicts have themselves requested the police to take their wards into their custody in order to improve their behaviour. Police camps or detention centres cannot be reform houses in any sense. Similarly, the children of convicted persons must not be sent to prison or detention centres with their mothers under the pretext that there is no one to look after them. Such measures should not be encouraged under any condition.

The police personnel should never forget the fact that every accused person remains innocent in the eyes of the law unless convicted by a competent court of law. There are occasions when failure to strengthen the police administration and the law enforcement authorities in tune with the changing times, or lack of suitable means and resources at their disposal as needed to deal with the new challenges have resulted in the violation of human rights in various senses. The urgent need today is to develop a culture that promotes the essence of human rights. Such a culture would go a long way in heralding a new era in place of the old understandings and conventions. If such concepts imbued with the ideals of human rights take root in society, most distortions in the field of human rights would disappear automatically.

Although every sector of society is responsible to some extent for the infringement of human rights, much criticism and censure is directed against the law enforcement agencies and this is quite natural. Therefore, when such complaints are made, the police must be able to clarify its stand.

Moreover, as regards cases of torture, action must be taken against those found involved in or convicted of subjecting others to torture and such incidents must be discouraged. These are the cardinal principles enshrined in various covenants and conventions adopted by the United Nations.

Finally, if the energetic spirit of the Nepal Police Force can be enhanced upto the level of human rights standards, there is every potential that it could earn appreciation all over the world. For this to happen, much effort and initiative must be directed to establish new values along with the changing mode of time.






गोष्ठीका विविध क्षणहरु

**Different moments of the seminar on human rights organised by Nepal Police.**

# दैवी प्रकोपमा प्रहरीद्वारा उद्धार-कार्य

## साउनको बाडी-पहिरो



प्रहरी समाजको हरेक उकाली-ओरालीमा जनताहरूका माफ रहने संगठन हो। चाहे दशैं, तिहार वा कुनै चाडपर्व या खुशीका बखत होस् वा कुनै दैवी विपत्ति हरेक दुःख-सुखमा प्रहरी जनताको साथ हुन्छ। यस वर्ष बाढी-पहिरो र सवारी-दुर्घटना जस्ता दैवी प्रकोपको कारणले राष्ट्रले ठूलो क्षति बेहोर्नु प-यो।

२०५० साल साउन ३, ४ र ५ गतेको अविरल वर्षाको कारणले वागमती नदीमा आएको बाढीले सर्लाही र रौतहट जिल्लाको ठूलो भू-भागमा आफ्नो विनाश-लीला मच्चायो। यी दुई जिल्लाबाहेक ताप्लेजुङ, पांचथर, ओखलढुंगा, सिन्धुली, मकवानपुर, चितवन र धादिङ जिल्लाहरू पनि बाढी र पहिरोबाट भयावह रूपमा प्रभावित भए। सबैभन्दा बढी ५५४ मि. मि. वर्षा रेकर्ड गरिएको यस प्राकृतिक विनाशबाट राजधानीसंग सम्पर्क गराउने पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ





क्षतिग्रस्त भई राजधानीसंग सकडमार्गको सम्पर्क टुट्नुका साथै जलविद्युत् आयोजनाहरू, सडक, पुलहरू, खेतीयोग्य भूमिहरू, हजारौं गाईवस्तुका साथै सैयौं जनसाधारणहरूको मृत्यु भई अपूरणीय क्षति भएको छ। यस शताब्दीकै महा-प्रलयकारी दैवी प्रकोपले प्रभावित पारेको क्षेत्रमा राहत तथा उद्धार कार्यमा प्रहरीबाट जुन प्रकारको अदम्य साहस र कर्तव्यपरायणताको प्रदर्शन भयो, यसले प्रहरीको गौरवमय इतिहासमा एक नयां



**प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रहरी-कर्मचारीहरुका तर्फबाट प्रदान गरिएको रकमको चेक प्रधानमन्त्री ज्यूलाई प्रहरी महानिरीक्षक हस्तान्तरण गर्नुहुँदै।**
**I.G.P. presenting the cheque to the Prime Minister for Prime Minister's disaster relief fund**

अध्याय थपेको छ।

चाहे त्यो सर्लाही, रौतहटको बाढी होस् वा ओखलढुंगाको पहिरो, सबै ठाउँमा घटनाको सूचना प्राप्त हुनासाथ राहतका लागि आवश्यक सामग्रीहरू लिएर प्रहरीटोली घटनास्थलमा पुगी तदारूकताकासाथ उद्धार-कार्यमा लागेर धनजनको सुरक्षा गरेका छन्। यसै क्रममा कैयौं प्रहरी अधिकृत जवानहरूलाई चोटपटक लाग्नुका साथै नवलपरासीमा बालकलाई उद्धार गर्ने क्रममा प्रहरी जवान नरेन्द्रप्रसाद श्रेष्ठको दुःखद मृत्युसमेत भयो। विभिन्न स्थानहरूमा दैवी प्रकोपको बखत प्रहरीले गरेको उद्धार-कार्यलाई संक्षेपमा यसरी उतार्न सकिन्छ:-

(क) भत्किएका पुल, राजमार्ग, गोरेटो बाटोको निर्माण-मर्मत (त्रिभुवन राजपथ र पृथ्वी राजमार्गका क्षतिग्रस्त विभिन्न भागहरूको निर्माणमा उल्लेखनीय भूमिका)।
(ख) मृतकहरूको लाश-संकलन, वारिसहरू-लाई लाश जिम्मा लगाउने र बेवारिस लाशहरूको दाहसंस्कार।
(ग) मृत जनावरहरूलाई खाडल खनी पुर्ने काम।
(घ) राहत सामग्रीहरूको सुव्यवस्थित वितरण-व्यवस्था मिलाउने।
(ङ) भत्किएका घर, गोठको निर्माणका साथै अस्थायी शिविरहरूको निर्माण।
(च) विपत्तिमा परेकाहरूको उद्धार तथा हराएकाहरूको खोजतलास।
(छ) प्रहरी कर्मचारीहरूद्वारा पीडितहरूलाई नगद तथा जिन्सी (लत्ता कपडा) सहयोग।
(ज) प्रहरी चिकित्सकहरूद्वारा स्थलगत उपचार तथा औषधी वितरण।

अधिराज्यभरिका बाढी-पहिरोको प्रकोपको क्रममा लगभग १०,००० प्रहरीहरू परिचालित भएका थिए। चाहे त्यो उद्धारमा होस् वा राहतमा या बसोबासमा- प्रहरीले आफ्ना सम्पूर्ण स्रोत-साधनहरू लगाउनुका बावजूद बाढीको क्रममा उद्धारका लागि डुंगाहरू उपलब्ध गराउनुका अतिरिक्त 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'मा ११,११,१११ (एघार लाख, एघार हजार, एकसय एघार) रूपियाँ आर्थिक सहयोगसमेत गरेको छ। त्यस्तै, प्रहरी-परिवार महिला संघले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ५०,१०१ (पचास हजार, एकसय एक) रूपियाँ प्रदान गरेको छ। अधिराज्यभरि बाढी-पहिरोबाट ११९१ जनाको दुःखद मृत्यु, २२९ जना घाइते हुनुका साथै २०५ जना बेपत्ता भएको तथ्यांकबाट पनि हामी यस प्रकोपको भयावह अवस्थालाई अन्दाज गर्न सक्छौं। दैवी प्रकोपका बखत प्रहरीको प्रभावकारी सञ्चार व्यवस्थाले तत्काल उद्धार र राहतमा ठूलो भूमिका खेलेको थियो। यसका साथै प्रहरी प्रधान कार्यालयमा दैवी प्रकोप उद्धार सेल खडा गरी अधिराज्यव्यापी उद्धार कारवाही प्रभावकारी बनाइएको थियो।



## एभरेष्ट एयरको दुर्घटना

यही साउन १६ गते काठमाडौंबाट भरतपुरतर्फ प्रस्थान गरेको एमरेष्ट एयरको उडान नं. ई. टु. ३०३ को विमान तनहूं जिल्लाको चुलेघोप्टे (देवीघाट गा. वि. स. वडा नं. ५) भन्ने ठाउँमा दुर्घटनाग्रस्त हुंदा चालक दलका ३ र १५ यात्रुसमेत गरी १८ व्यक्तिको दुःखद निधन भयो। काठमाडौंबाट उडेको विमान समयमा अवतरण नहुनेबित्तिकै प्रहरीबाट व्यापक खोजी कार्य शुरू भयो।

विमान दुर्घटना भएको स्थान यकीन हुनेबित्तिकै जिल्ला प्रहरी कार्यालय तनहूं, जिल्ला प्रहरी कार्यालय गोरखा र मध्य क्षेत्रीय प्रहरी तालीम केन्द्र भरतपुरको टोली





विमान दुर्घटनापछि उद्धारमा संलग्न प्रहरीहरु

**Policemen on relief operation right after the crash of Everest Air.**

घटनास्थलतर्फ प्रस्थान ग-यो। वर्षा, घना जंगल, चिप्लो बाटो र रातको अंध्यारोको बावजूद पनि भरतपुरबाट प्र. उ. ज्ञानेन्द्रविक्रम महतको नेतृत्वमा प्रस्थान गरेको उक्त टोली रातको ११.३५ बजे दुर्घटनास्थलमा पुगी उद्धारकार्य शुरू ग-यो। भीर, जंगल, रूखमा अड्किएका र छरिएर रहेका क्षत-विक्षत शरीरका अंगहरू र मृतकका जिन्सी सामानहरूको संकलन प्रहरी टोलीबाट पूर्ण साहस र धैर्यताकासाथ गरिएको थियो। घटनास्थलबाट यथाशक्य छिटो लाशहरू र मृतकहरूका सामानहरू सुरक्षितसाथ भरतपुर ल्याई प्रहरी तालीम-केन्द्रमा उद्धार शिविर खडा गरी मृतकका आफन्तहरूलाई बुझाउने कार्य प्रहरीबाट भयो।



# Police Operations for Natural Disaster Relief

### The floods and landslides of July 1993:

The police force is an organization committed to the service of the general public through all the vicissitudes of social existence. The police force stands steadfastly by the people during joyous moments of festivity like Dashain and Tihar as well as during times of distress like the rage of natural calamities. This year, the nation suffered heavy losses in terms of lives and property due to natural disasters like floods, landslides and accidents. The unrelenting rains of 18, 19 and 20th July, 1993 resulted in the flooding of Bagmati river leaving a trail of destruction in the districts of Sarlahi and Rautahat. Other districts severely affected by the floods and landslides were Taplejung, Panchthar, Okhaldhunga, Sindhuli, Makwanpur, Chitawan and Dhading. A maximum of 554 mm of rainfall was recorded during this natural calamity which damaged several portions of Prithivi and Tribhuvan Highways that serve as crucial links to the capital, Kathmandu. As a result, essential supplies and contacts to the capital were totally cut off, hydro electricity projects, roads, bridges and cultivable land were washed away together with innocent lives, causing irreparable losses to the nation.



The courage and exemplary performance with which Nepal Police tenaciously conducted relief and salvage operations during the unprecedented disaster of the century has added another golden chapter in the glorious history of Nepal Police.

Nepal police spared no effort in executing immediate relief





operations on being notified about the disaster. Whether in the flood hit areas of Sarlahi and Rautahat or the landslide ravaged areas of Okhaldhunga, relief teams of the police force rushed with relief supplies attempting to save lives and property.

A number of police personnel sustained injuries during the operations while one police constable died while attempting to rescue a child in Nawalparasi.

The nature of relief operations carried out by Nepal Police in course of the natural disaster can be summarized as follows:

a. Repair and maintenance of damaged bridges, roads and foot trails. Major contribution in the reconstruction of Tribhuvan and Prithivi Highways.
b. Collection of dead bodies from the disaster hit areas, handing over of the dead bodies to the nearest of kin of the deceased and burial of unclaimed bodies.
c. Burial of dead animals.
d. Ensuring efficient management in the distribution of relief assistance.
e. Reconstruction of damaged houses and cattlesheds; setting up relief camps and temporary shelters.
f. Relief to those in distress and search operation for those reported missing.
g. Relief assistance to those affected, in the form of cash and kind provided by the police personnel.
h. On the spot medical examination and treatment by police medical personnel and distribution of essential medicine.

About ten thousand police personnel were mobilized for relief and rescue operations for the disaster victims. Apart from their active role in relief, rescue and salvage operations, Nepal police assisted in making boats available during the floods and contributed a sum of Rupees one million, one hundred eleven thousand one hundred and one to the Prime Minister's Disaster Relief Fund in aid of the flood and landslide victims. Likewise the Police Family Women's Association also contributed Rupees Fifty thousand one hundred and one to the Relief Fund. The horrifying magnitude of the disaster can be assessed from the large number of deaths and injuries. A total of 1991 persons died, 229 were injured and another 205 persons are reportedly missing. The effective communication network of the police force contributed to a great extent in expediting rescue and relief work during the natural calamity. The establishment of a Natural Disaster Relief cell at the Police Headquarters also helped to make the nation wide relief operations effective.





बाढीपिडितको उद्धार-कार्य
**Rescue operation during flooding.**



सडक पुनर्निर्माणमा प्रहरी
**Policemen on road reconstruction.**

### Everest Air Crash

A Dornier aircraft of Everest Air which was on a scheduled flight from Kathmandu to Bharatpur crashed at Chule Ghopte of Tanahu District on the 31st. July, 1993, killing all those on board. A total of 18 persons including 3 crew members were on board the ill-fated aircraft; flight no. ET 303 of Everest Air.

Police personnel immediately launched a massive search operation following the failure of the aircraft bound for Bharatpur to land on schedule.

Soon after the crash site was determined, police teams from the District Police Offices of Tanahu and Gorkha as well as Central Regional Training Centre Bharatpur set out towards the site. A team of police personnel led by S.P. Gyanendra Bikram Mahat reached the crash site at 11:35 PM, braving the incessant rain, dense forests, slippery trails and the darkness of the night and commenced salvage work. The team of police personnel collected with great courage, the mutilated parts of the victims' bodies from slopes, tree-tops and the jungle, together with the personal effects of the deceased. The personal belongings as well as the dead bodies of the victims were brought to Bharatpur from the crash site. A relief camp was established at the Training Centre and the dead bodies and personal effects were handed over to the nearest of kin of the deceased persons.

# उच्च पहाडी क्षेत्रमा प्रहरी कार्य

दुई विशाल छिमेकी मित्रराष्ट्रहरूको बीचमा अवस्थित हाम्रो देश नेपाल एक पहाडी देश हो। नेपालको ८३ प्रतिशत भू-भाग उच्च र मध्य पहाडहरूले ओगटेको छ। यसै भौगोलिक अवस्थितिमा प्रहरीले गर्नुपर्ने कार्य निश्चय पनि कठिन छ। त्यसमा पनि सुलभ यातायातको कमीले गर्दा विकट भौगोलिक परिस्थितिमा प्रहरी कारवाहीहरू ज्यादै चुनौतीपूर्ण हुन्छन्।



हाम्रो देशको मेचीदेखि महाकालीसम्म लमतन्न परेर रहेको हिमाली र उच्च पहाडी भू-भागहरूमा हजारौं प्रहरीहरू शान्ति-सुव्यवस्था कायम राख्न अहोरात्र क्रियाशील छन्। उच्च पहाडी भू-भागमा अपराधको नियन्त्रण, अनुसन्धान लगायत उत्तरी छिमेकी राष्ट्र चीनको सीमानामा हुने सीमावर्ती अपराधहरूका साथै पहाडी भेगमा आउने पर्यटकहरूको सुरक्षाको समेत अभिभारा बोकेर कर्मठ प्रहरी अधिकृत जवानहरू कार्यरत छन्।

उत्तरी भेगको ताप्लेजुङ, सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला, मुगु, हुम्ला, दार्चुला जस्ता जिल्लाहरूको हिमाली र उच्च पहाडी भेगमा कार्यरत प्रहरीहरू निश्चय पनि वीरता, साहस र राष्ट्रप्रेमका प्रतीक हुन्। यी जिल्लाहरूअन्तर्गतका स्याङ्बोचे, ओलाङ्चुङगोला, नाम्चेबजार, लामाबगर, किमाथाङ्का, लोमाथाङ्का, मुगु, तिङ्कर आदि स्थानहरूमा रहेका प्रहरी कर्मचारीहरू बाह्रै महिना जाडो मौसमको लुगा लगाउँछन् र वर्षको आधाजस्तो समय हिमपातमा बिताउँछन्। वर्षको आधा समय हिमपात हुने स्थानहरूमा समेत अपराधको रोकथामको लागि गस्ती, निगरानी, खबर-संकलन जस्ता कार्यहरू जारी राख्नु, कुनै पनि स्थानमा जुनसुकै बखत अपराध भएमा अविलम्ब अनुसन्धान गर्नु निश्चय पनि देश र देशबासीको हितका लागि प्राकृतिक प्रतिकूलताका विरुद्धको नेपाल प्रहरीको सशक्त कदम हो भन्नुमा अत्युक्ति नहोला।

नेपालको प्रमुख आय-स्रोतको रूपमा रहेको पर्यटन-क्षेत्रको विकासमा पनि प्रहरीले अहम् भूमिका निर्वाह गरेको छ र यस सन्दर्भमा उच्च पहाडी र हिमाली भेग नै पर्यटकहरूको मुख्य आकर्षणको केन्द्रविन्दु हो। देशको जुनसुकै भागमा भएको पर्यटकहरूको प्रवाहमा पनि प्रहरीले उत्तिकै सुरक्षा प्रदान गरेको छ, तर उच्च पहाडी भागको पर्यटकहरूको गतिविधिमा प्रहरीले ज्यादै विशिष्ट तवरले आफ्नो दायित्व निर्वाह गरेको छ। श्री ५ को सरकारले पर्यटनको लागि खुला गरिदिएको उच्च पहाडी र हिमाली भेगहरूका साथै विदेशीहरूद्वारा हिमश्रृंखलाहरूको आरोहणको क्रममा समेत सम्पर्क अधिकृतको रूपमा नेपाल प्रहरीका अधिकृतहरू जाने गरेका छन्। यसरी उच्च पहाडी र हिमाली क्षेत्रमा पर्यटकको सुरक्षा, उनीहरूका गतिविधिको निगरानीका साथै यात्राको क्रममा





उनीहरूका एक असल सहयोगी र मित्रको रूपमा प्रहरीले आफ्नो भूमिका निर्वाह गर्दै आएको छ।

नेपाल प्रहरीको आधारभूत तालीममा रहेका प्रहरी अधिकृतहरूलाई उच्च पहाडी र हिमाली क्षेत्रमा कार्य गर्न सक्षम बनाउने उद्देश्यले देश-दर्शन कार्यक्रमअन्तर्गत १६ देखि १८००० फीटसम्मको उचाइमा लैजाने र प्रशिक्षणकै क्रममा हिमाल चढ्ने र उच्च पहाडी क्षेत्रमा हिंडडुल गर्ने प्रशिक्षणसमेत दिइन्छ।

उच्च पहाडी भेगमा रहेका कतिपय प्रहरी इकाइहरू जाडो मौसममा अत्यधिक हिमपातले गर्दा तल बेंसीमा झर्ने र पुनः हिमपात रोकिएपछि आफ्नो इकाइमा फर्कने पनि गर्दछन्। यसबाट हामी त्यस क्षेत्रमा प्रहरी कार्यको कठिन स्वरूपलाई अन्दाज गर्न सक्छौं। यी क्षेत्रहरूमा खाद्यान्नमा जो फापर, आलु र पशुपालनमा भेंडा, च्याङ्ग्रा र चौंरीगाई आदि पर्दछन् र ती क्षेत्रहरूमा बस्ने प्रहरी कर्मचारीहरू पनि यिनै चीजहरू खाएर आफ्नो कर्तव्यपालन गर्दछन्।

उच्च र विकट पहाडी क्षेत्रहरूमा रहेका प्रहरी कार्यालयहरूको सञ्चारले त्यस क्षेत्रको सूचना प्रवाहमा ज्यादै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यसका साथै ती भेगमा प्रहरीले विभिन्न गतिविधिहरूका बारेमा जनसाधारणलाई जानकारी गराउनुका साथै सांस्कृतिक आदान-प्रदानमा समेत योगदान दिएका छन्।

जे होस्, बाह्रै महिना जाडो महिनाको पोसाक लगाएर मुटु कठ्याङ्ग्रिने जाडो अनि रौं ठड्याउने चिसो सिरेटोको बीच समाजमा शान्ति कायम गर्न उच्च पहाडी भेगमा हजारौं कर्मठ प्रहरी-कर्मचारीहरू कार्यरत छन् र उनीहरू त्यस क्षेत्रमा शान्ति-सुव्यवस्था कायम राख्न सक्षम साबित भएका छन्।


# DWARIKA'S HOTEL

*"Heritage Hotel — Sampling a bit of history." "Dwarika's: re-creating the past.*





**Winner of the PATA Heritage Award**

DWARIKA'S

**Kathmandu Village Hotel (P) Ltd.**

BATTISPUTALI, P.O. BOX 459
KATHMANDU, NEPAL.
TEL: 470770, 472328, 473725;
CABLE: KATHMANDAP
FAX: 977-1-471379
TELEX: 2239 KTT NP





**Kathmandu Travels & Tours (P) Ltd.**

GANGA PATH, P.O.BOX 469, KATHMANDU, NEPAL.TEL: 471577, 224536; TELEX: 2239 KTT NP; FAX: 977-1-225131
**GERMANY** TEL: 0-2861, 7201/5379; FAX: 2861-3403
**INDIA** (NEW DELHI) TEL: 3321675, 3328367; TELEX: 031-61912KTT IN

# Policing at High Altitude

The kingdom of Nepal is a mountainous country lying between two great neighbors. Eighty three percent of the total land area is covered by mountains and mid hills. The work to be carried out by police personnel in such geographical conditions is undoubtedly difficult. The lack of proper roads and the adverse topographical conditions make the task of the police even more challenging.

Thousands of our police personnel are continually striving to maintain peace and security in the high altitudes that span the entire expanse from Mechi to Mahakali. Dedicated police officers are entrusted with the responsibility of maintaining peace by controlling crime, checking border crimes on the northern border and providing security to tourists visiting the high altitudes.

Police personnel working in the remote districts of Taplejung, Solukhumbu, Rasua, Manang, Mustang, Dolpa, Jumla, Mugu Humla, and Darchula are indeed symbols of bravery, courage and patriotism. Police officials working in Syangboche, Olangchungola, Namche Bazar, Kimathangka, Lomangthang, Mugu & Tinkar spend almost half the year in snow and wear winter clothes throughout the year. Maintaining vigilance, patrolling and keeping information and records even at such high altitudes and investigating every crime against all odds is certainly a commendable and praiseworthy initiative of Nepal police.

Nepal police has played an active role in the promotion of tourism which is regarded as a major source of income. In this context, the high altitudes and Himalayan regions are the major attractions for tourists. Although police are committed to the task of providing security to the tourists in every part of the kingdom, their responsibility towards









maintaining peace and security in the high altitudes is exemplary.

Police officers assist teams of visitors to the areas opened for tourists by His Majesty's Government, in the capacity of liaison officers, They are also assigned to assist mountaineering expeditions in the same capacity. In doing so, the polioe officers are fulfilling their duty as true friends, by assisting in all possible ways while providing security and maintaining vigilance at all times. Nepal police personnel are required to undergo training at altitudes varying between 17,000 and 18,000 feet under the basic training programme. Such trainings at high altitudes also prepares them for mountaineering and patrolling while acclamatizing them to the adverse climatic conditions.

There are times when police officials working at extremely high altitudes descend to lower altitudes on account of heavy snowfall and return to their duty stations when weather conditions improve. It can thus be ascertained how difficult it is for the police personnel to fulfil their duties. The police personnel stationed in these areas subsist on locally available food stuff such as barley, buckwheat and potato. The livestock reared in these regions include sheep, mountain goats and yaks.

The telecommunication facilities attached to the police posts in the high altitudes and inaccessible regions have played a vital role in the flow of information by maintaining regular contacts. The police posts also disseminate information to the local inhabitants on various issues and help promote cultural exchanges.

Braving the heart piercing cold and the hair raising chilly breeze, thousands of high altitude police personnel, padded with winter clothing all the year round are working incessantly to fulfil their mandate of maintaining peace and security with considerable success.



# नेपाल प्रहरीका चुनौतीहरु

प्रहरी त्यस्तो संगठन हो जसले समाजमा हरेक क्षण जागरूक रही पहरा दिनुपर्दछ र राष्ट्रको अविच्छिन्न अवलोकन गरी शान्ति-सुव्यवस्था बनाई राख्नुपर्दछ। चाहे ती अपराधिक गतिविधिहरू हुन् चाहे भीड-नियन्त्रण, चाहे बाढी-पहिरो होस् वा भूकम्प- सबै ठाउँमा प्रहरीको तदारूकतालाई राष्ट्रले समान रूपमा अपेक्षा गरेको हुन्छ।

विश्वमा आएको आधुनिकीकरण र वैज्ञानिकीकरणबाट हाम्रो राष्ट्र पनि अछुतो छैन। जसरी मानव-समुदाय अत्याधुनिक वैज्ञानिक आविष्कारहरूबाट लाभान्वित हुँदै आएको छ त्यसरी नै अपराधी जगत्मा पनि वैज्ञानिक उपकरणहरूको प्रयोग हुनु चिन्ताको विषय हो। यस परिप्रेक्ष्यमा हामी प्रहरी पनि समयको गतिअनुरूप कुशल, दक्ष र अध्ययनशील हुनु आवश्यक छ। जनसंख्याको वृद्धि, शहरीकरण, गरिवी, अशिक्षा,· आदिले श्रृजना गरेका अनेकौ विकृति र समाजिक जटिलता संगसंगै प्रहरी-शक्ति चलायमान हुनु पर्दछ भन्ने कुरालाई हामीले बिर्सन हुन्न।

दुर्भाग्यवस हालका वर्षहरूमा प्रहरीले धेरै प्रकारका दैवी प्रकोपसंग जुध्नु परिरहेको छ। अन्य प्रहरी दैनिक कार्य-सम्पादनको अलावा आकस्मिक



हिंसक भिडद्वारा घाइते प्रहरी अधिकृत उपचारमा
Police officer undergoing treatment after being injured during rioting.



रूपमा आइपर्ने यी दैवी प्रकोपहरूसंग सामना गर्दा आवश्यक पर्ने दक्ष जनशक्ति र तदनुरूपको साधन-स्रोतको अभाव पनि प्रहरीका चुनौतीका रूपमा देखापरेका छन्। हुन त हालका वर्षहरूका दैवी प्रकोपहरूमा प्रहरीले गरेको उद्धार तथा राहत-कार्यको सबै क्षेत्रबाट प्रशंसा भएको छ तापनि हामी प्रहरीले भने यसबाट सन्तोष लिनुभन्दा अझ बढी प्रयास गर्नेतर्फ सोच्नु आवश्यक हुन्छ।

हाल हाम्रो राष्ट्रमा प्रहरीले अपराधिक गतिविधिहरूसँग मुकाबिला गर्ने क्रममा पाएको सफलता उल्लेखनीय छ। तर यसको अर्को पक्षलाई हेर्ने हो भने भविष्यमा नयाँ र झन् गहन चुनौतीका संवाहक हुन् यी घटनाहरू। आज अधिराज्यव्यापी जाली नोटहरूका अवैध कारोबार भएको पाइएको छ। लाखौं जाली नोट प्रहरीले बरामद गर्नुका साथै अभियुक्तहरूलाई समेत पक्राउ गरेको छ।



प्र. अ. म. नि. खरेल
A.I.G. Kharel

यस्तै विभिन्न स्थानमा लागू औषधको पक्राउ, तराई क्षेत्रमा डाँकाहरूसँगको मुठभेड जस्ता घटनाहरूले भोलिका दिनहरू झन् चुनौतीपूर्ण हुनेछन् भन्ने संकेत दिन्छ।

नेपाल अधिराज्यको अपराधको स्थितिलाइ कसरी मूल्यांकन गर्नुभएको छ। भनी प्रश्न गर्दा प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक श्री अच्युतकृष्ण खरेल भन्नुहुन्छ-

नेपाल अधिराज्यमा अपराधको स्थिति सामान्य नै छ। विगत वर्षहरूको तुलनामा देशमा जनसंख्यामा व्यापक वृद्धि यातायातका साधन तथा परिचालनमा तिव्रता, अपराध कार्यमा नयाँ प्रविधिहरूको प्रयोग, आदि विभिन्न परिवर्तित कारणहरूबाट गत वर्षहरूको तुलनात्मक रूपमा अपराधवृद्धि स्वभाविक भए तापनि तथ्याङ्कहरूबाट हत्या, डकैती, सुन डाँका जस्ता जघन्य अपराधहरू अपेक्षाकृत रूपमा कमै घटेका देखिन्छन्। जुन संतोषप्रद कुरा हो। लागु औषधसम्बन्धी




Norsang

*the leading exporter of Nepali Woolen Carpets*

**NORSANG CARPET INDUSTRY (P) LTD.**
Ramhiti-Baudha, Kathmandu
Tel: 471129, 472114, 470774; Fax: 473791 or 224785
Tlx: 2644 KAILASH NP.

**SHOW ROOM**
Chuchepati-Baudha Road, Kathmandu
Tel: 470774 or 471129

अपराधहरूको तथ्याङ्क गतवर्षहरूको तुलनामा बढेको देखिन्छ, जुन प्रहरी सक्रियताको परिचायक हो। समष्टि रूपमा हेर्दा देशको अपराधिक गतिविधि विरूद्धको प्रहरी कार्यवाहीलाई प्रहरीलाई उपलब्ध स्रोत र साधनको आधारमा हेर्दा प्रभावकारी नै ठानेको छु।

त्यस्तै अपराधको नियन्त्रण तथा अनुसन्धानको क्षेत्रमा नेपाल प्रहरीले कस्ता समस्याहरू भोग्नुपरेको महसुस गर्नुहुन्छ भन्ने प्रश्नको जवाफमा श्री खरेलः-

अपराध नियन्त्रण र अनुसन्धान क्षेत्रमा विविध समस्याहरू छन्। दक्ष प्रहरी-शक्तिको अपर्याप्तता, समयानुकूल स्रोत र साधनको अभाव, उन्नतविधि वैज्ञानिक परीक्षण तथा अनुसन्धानमा कठिनाइ, देशको भौगिलिक विकटता आदि समस्याहरू एकातिर छन् भने अपराध-नियन्त्रण र अनुसन्धानमा व्यापक जन सहभागिताको कमीले पनि निकै अप्ठयारो महसुस भएको छ। यसको साथै केही कानूनी प्रावधानहरूलाई पनि समयानुकूल परिमार्जित गर्दै लैजानु पनि आवश्यक देखिन्छ। जुन क्रमिक रूपले भइ नै रहेको छ, आवश्यकता अनुसार हुने नै छ। यस्ता समस्याहरू रहंदा-रहंदै पनि स्रोत, साधन र प्रहरी-शक्तिबाट अपराध नियन्त्रण र अनुसन्धान-क्षेत्रमा नेपाल प्रहरीले जुन उपलब्धि हासिल गरेको छ त्यसलाई संतोषजनक नै मान्नुपर्दछ। समयानुकूल नेपाल प्रहरीलाई साधन स्रोत-सम्पन्न गर्दै लगी अपराध कार्यलाई न्यून गर्दै लगी समाजमा शान्ति-सुरक्षा, अमन-चयन कायम राख्न सबै क्षेत्रबाट सहयोगको अपेक्षा गर्दछु। यस कार्यका लागी प्रहरीले जन-विश्वास बढाउँदै लैजाने कुरामा दृढताकासाथ लागि रहने विश्वास दिलाउन चाहन्छु।

नेपाल प्रहरीको संगठन विस्तृत र वृहत् छ। तर यस परिवेशमा समयानुकूल सांगठनिक विकास पनि एक अपरिहार्य प्रक्रिया हो। हुन त प्रहरी संगठनमा हाल आएर क्षेत्रीय गणहरू, दंगा प्रहरी गणको व्यवस्था, सशस्त्र र जनपथ प्रहरी सम्बन्धमा स्पष्ट व्यवस्था अन्य आधुनिकीकरणका साथै धेरै सांगठनिक सुधारहरू समेत भएका छन् र नेपाल प्रहरीको नयाँ नेतृत्व-वर्ग यस सन्दर्भमा चिन्तनशील रहेको पाइएको छ। तापनि चाहे त्यो तालीमको क्षेत्रमा होस् वा अपराध-नियन्त्रण, अनुसन्धानको क्षेत्रमा होस् वा संगठन विकासको प्रक्रियामा, समयानुकूल स्रोत-साधनको परिपूर्तिको दिशामा भएका प्रगति र उपलब्धिहरू महत्वपूर्ण छन्, तर यसबाट सन्तोष लिने ठाउँ भने छैन। बरू आउँदा दिनहरूमा अझ बढी चुनौतीहरू प्रहरीसमक्ष देखापर्ने तथ्यलाई हृदयंगम गरी तदनुरूप पाइलाहरू अघि बढाउनु आवश्यक छ।

यस सन्दर्भमा प्रहरी प्रशासनलाई अपराधको रोकथाम र अनुसन्धानको दिशामा प्रभावकारी बनाउने क्षेत्रमा के कस्ता कदमहरू चाल्नु आवश्यक भएको ठान्नुहुन्छ? भनी प्रश्न गर्दा प्रहरी प्रधानकार्यालय प्रशासन विभागका प्रहरी अतिरिक्त महानिरीक्षक श्री ध्रुवबहादुर प्रधान भन्नु हन्छः-

"अपराधको रोकथाम र अनुसन्धानको क्षेत्रमा बेग्लाबेग्लै प्रकारको दक्षताको आवश्यकता पर्ने भएकोले दुवै क्षेत्रमा काम गर्ने व्यक्तिहरूलाई सिपयुक्त बनाई त्यसै क्षेत्रमा विशिष्टीकरण गर्दै लैजानु पर्दछ। अपराधको रोकथाममा जन सहयोगको ज्यादै ठूलो महत्व हुने भएकोले यसतर्फ सचेत रहनुका साथै अनुसन्धानमा पनि वैज्ञानिकरण गर्न आवश्यक हुनआएको छ। मानव अधिकार हाल सम्वेदनशील विषय भएको र क्षतिपूर्ति सम्बन्धमा संविधानमा समेत व्यवस्था भएको परिप्रेक्ष्यमा हामी प्रहरीको कारबाही परम्परागत रूपमा नै अगाडि बढ्यो भने यो ज्यादतीको रूपमा देखापर्दछ। यी तथ्यहरूलाई मनन गरी वर्तमान प्रजातान्त्रिक समाज अनुरूप जनसहयोगमा आधारित अपराधको रोकथाम सम्बन्धी नीति लिनुका साथै वैज्ञानिक अनुसन्धान-प्रक्रिया अवलम्बन गर्नुपर्ने देखिन्छ।"

यसै प्रकारले प्रहरी प्रशिक्षणलाई अझ बढी प्रभावकारी र समयानुकूल बनाउनेतर्फ के सोच्नु भएको छ? भविष्यमा यस दिशामा कुनै ठोस योजना छ कि? भनी प्रश्न गर्दा श्री प्रधान भन्नुहुन्छः-

"प्रहरीको असल तालिम सु-संस्कारको प्रतीक हो। प्रभावकारी तालीमविना असल प्रहरीको अपेक्षा गर्न सकिंदैन। राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई अझ स्रोत-साधनयुक्त बनाई यस अन्तर्गत पनि विभिन्न व्यावसायिक विषयहरूमा तालीम दिन बेग्लाबेग्लै स्कूलहरू स्थापित गरी प्रशिक्षणलाई विशिष्टीकरण गर्दै लैजाने लक्ष रहेको छ। यसका साथै विदेशमा प्रहरी अधिकृतहरूलाई प्रशिक्षणका लागि पठाउने क्रम जारी छ भने भविष्यमा यसलाई अझ विस्तृत गरिनेछ। यसरी स्वदेश तथा विदेशमा प्रहरी कर्मचारीहलाई प्रशिक्षित गरी दक्ष प्रहरी जनशक्तिबाट प्रहरी-सेवाको अनुकरणीय प्रभाव जनमानसमा पार्ने विभागको लक्ष्य रहेको छ।"

हालसालै गठन भएको "प्रहरी सुधार सुझाव आयोग" ले नेपाल प्रहरीको वर्तमान अवस्था र भविष्यका चुनौतीहरूलाई अध्ययन गरी प्रहरी-सेवालाई समयसापेक्ष गति दिनेतर्फ महत्वपूर्ण योगदान दिने आशा सबै पक्षबाट लिइएको छ।

अन्तमा, हामी यो भन्न सक्छौं कि जसरी नेपाल प्रहरीको अगाडि चुनौतीहरू आउँछन् सोही अनुरूपको तयारी पनि संगसंगै प्रारम्भ हुँदैछ र यो सांगठनिक विकासका लागि निश्चय पनि शुभसंकेत हो।

# Challenges of Nepal Police

The police force is an organization which must demonstrate utmost alertness every moment to maintain peace and security in the society. The nation anticipates equal alacrity from police personnel whether in crime control, mob control or during floods, landslides or earthquakes. The vigilance and assistance of police is always expected.

Our country is not unaffected by the surge of scientific progress and modernization sweeping all over the world. Human beings have been blessed with the boons of scientific inventions which have made life easier and comfortable. At the same time, these discoveries have also benefitted the world of crime. The misuse of scientific inventions for promoting crime has become a matter of grave concern. It is therefore necessary for the police force to be skilled, efficient and investigative to keep up with the pace of modernity and the changing times.

Unfortunately, in recent years, the police force has had to face various natural disasters. The need to deal with such unforseen natural disasters apart from its regular duties with the limited resources and skilled manpower within its means has presented itself in the form of a challenge. Nepal police has earned much praise and appreciation for its efforts at flood and landslide relief, but for the police personnel themselves, it would be more relevant to strive harder instead of deriving satisfaction.

The successes achieved by Nepal Police in limiting criminal activities in recent years is indeed noteworthy; but this is no cause for complacency. The task ahead is fraught with greater challenges. In recent times, circulation of counterfeit currency notes have been uncovered by the police throughout the kingdom, several hundred thousand counterfeit bank notes have been seized and arrests have also been made. Likewise, arrests in connection with drugs deals and dacoity in the terai region are indicative of the tremendous task ahead and the challenges for the future. Making an assessment of the



over-all crime situation of the country, AIGP Mr. Achyut Krishna Kharel, Chief of the Operations Dept. Police Headquarter says:

"The crime situation in Nepal is not so alarming. It is obvious for the crime rate to rise in comparison to previous years in the context of population explosion, increase in the number of vehicles and transportation and the application of new techniques and approaches in the execution of crimes. However, statistics reveal that there is a decline in the number of murders, dacoity murders and dacoity which is quite satisfactory. Figures also show that there is an upward trend in drug related cases.

An over-all assessment shows the effectiveness of police operations with respect to criminal activities in the kingdom, with the limited resources at its disposal."

Answering a question on the problem encountered by the police force in criminal investigation and crime control, Mr. Kharel:

"There are diverse problems in the area of criminal investigation and crime control. On the one hand, we are faced with the acute shortage of trained personnel, limited resources, modern equipment and the absence of a well equipped laboratory which hinder the scientific examination and investigation of evidence. On the other hand we have an adverse topographical diversity and lack of cooperation from the general public to control crimes. There is also the necessity to effect timely changes in legal matters which is taking place.

Despite these problems and the limited resources at its disposal, the successes achieved by Nepal Police is satisfactory.

I believe that the police force will be able to further equip itself with resources to maintain peace and security in society by minimizing crime through the support and cooperation from all sectors. I would also like to reiterate the commitment of the police force to win the trust and confidence of the people in fulfilling their duties."

The organizational network of the Nepal Police is vast; but effecting timely changes in its organizational structure to make it compatible with the changing times is equally imperative. In recent years, there has been a number of restructuring processes in the police force through the creation of regional police units, riot police and armed police. The new leadership has been directing its efforts to impart new dynamism in police activities. Although the progress achieved in equipping the force with necessary resources is commendable, it is by no means sufficient to cope with the growing responsibilities of police personnel, be it in the area of training, crime control or investigation. Under the given circumstances it would be necessary to chalk out the future course of action to effectively encounter the growing challenges ahead.

Answering a question on the need for implementing measures in order to reorient the police administration in the area of effective crime control and investigations AIGP Mr. Dhruba Bahadur Pradhan:

"The type of skills required for crime prevention are different from those required for criminal investigation. Therefore, it is necessary to impart specialized skills to those working in these areas. Peoples' cooperation is vitally important in crime control so attention must be focussed in this regard, just as the need for adopting a scientific approach is crucial in all aspects of criminal investigation. Human Rights has become a sensitive issue today and the provision for compensation has been outlined in the constitution as well. Hence it would be inappropriate for the police force to operate along conventional lines. A careful consideration of these facts and the adoption of a policy of cooperation with the general public in the present democratic set up would go a long way in the prevention of crime. The application of scientific techniques in the area of criminal investigation is imperative in the present context".



प्र. अ. म. नि. प्रधान
A.I.G.P. Pradhan

Answering another question relating to the training component of Nepal Police and plans and programmes for the future, Mr. Pradhan:

"A good training programme for police personnel is a reflection of a glorious tradition. One cannot expect an efficient policeman without effective training. There is an objective of further equipping the National Police Academy with necessary resources and establishing additional schools under it to impart vocational training, thereby making the academy a centre of excellence.

The practice of sending police personnel abroad for training is continuing and possibilities will be further explored. Our Department has the objective of creating a positive impact of the police among the general public by creating trained and efficient manpower for the service of society.

It is expected that the recently constituted Police Reforms Recommendation Commission will contribute in imparting a new dynamism to the police force by making an assessment of the present situation and a careful study of the possible challenges ahead.

Just as challenges are surfacing as we move ahead into the future, simultaneous efforts to combat them are being adopted. This undoubtedly is a positive move in the right direction."

# वातावरण संरक्षण र ट्राफिक व्यवस्थापनमा प्रहरीहरू

१. नेपालको हिमाली क्षेत्रमा बढ्दै गएको प्रदूषण आज सबैको चासोको विषय भएको छ। नेपाल प्रहरीले सर्वप्रथम सगरमाथा सफा गर्ने अभियान शुरू गरेर अन्य हिमाल-आरोही तथा वातावरण संरक्षणको क्षेत्रमा संलग्न संघ-संस्था तथा व्यक्तिहरूलाई दृष्टान्त प्रस्तुत गरेको छ। आज प्रहरी समाजको अभिन्न अंग भएर प्रत्येक स्थान र व्यक्तिहरूमा आबद्ध भएको छ।





ट्राफिक प्रहरीहरु सवारी जाँच गर्दै
Traffic police on duty



२. काठमाडौं उपत्यकाको बिग्रंदो वातावरणमा सवारी प्रदूषणको उल्लेखनीय स्थान रहेको छ। राजधानीका सडकहरूमा चल्ने अत्यधिक सवारीहरू थोत्रा र जीर्ण इन्जिन भएका छन्।

कल्पना गर्न गाह्रो पर्ने गरी ८२० कि. मि. सडकमा अन्दाजी ६०,००० विभिन्न किसिमका सवारीहरू चल्दछन्। सवारीबाट उत्पन्न हुने प्रदूषणलाई नियन्त्रण गर्न हालै ट्राफिक प्रहरीले सवारी प्रदूषण जांच गर्ने यन्त्रहरू प्रयोगमा ल्याएको छ। निश्चित स्तरभन्दा बढी प्रदूषण पैदा गर्ने सवारीहरूलाई सडकमा चलाउने अनुमति दिइंदैन।

३. ट्राफिक प्रहरीले राजधानीका विभिन्न सडक-क्षेत्रहरूमा नयाँ र अपेक्षाकृत प्रभावकारी पार्किङ्ग-प्रणाली शुरू गरेको छ र सीमित स्रोत-साधनहरूलाई अधिकतम उपयोग गरी बढ्दो सडक-दुर्घटना रोक्न विभिन्न कदमहरू उठाएको छ।

४. सडक-उपयोगकर्ताहरूलाई सडकमा आ-आफ्नो जिम्मेवारी र सुविधाहरूलाई राम्ररी बुझ्नसक्ने गराउन समाजका विभिन्न स्तरमा जनचेतना-कार्यक्रमहरू सञ्चालन गरिएका छन्। राष्ट्रिय जीवनका विभिन्न पक्षका व्यक्ति तथा विद्यार्थीहरू समेतलाई सहभागी गराई ट्राफिक-सप्ताह कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ।

५. व्यस्त सडकमा सवारी आवागमनलाई सहज र प्रभावकारी बनाउन प्रशिक्षित ट्राफिक प्रहरीहरू सडकमा खटाइन्छन् र प्रचलित कानूनको मर्यादा उल्लंघन गर्ने सडक प्रयोगकर्ताहरूलाई कडा कारवाही गरिन्छ। सवारी-दुर्घटना र सडक अपराधहरूको रेकर्ड राख्न तथा पुनरावलोकन गर्न उपत्यका ट्राफिक प्रहरी कार्यालयमा कम्प्युटरहरू जडान गरिएका छन्।

# Police in Traffic Management and Environment Protection

1. Pollution in the Himalayan region has created a cause of common concern today. Nepal police have paved the way for mountaineers by initiating Everest cleaning expedition. Police have become a part of social life 'a heart border of realm' from the peak to the pulmonary.
2. Pollution caused by traffic has become a major cause for the deteriorating environment of Kathmandu. A large number of vehicles plying on the streets of Kathmandu have old and worn out engines. It is unimaginable that over 60,000 vehicles of various types are running in 820 kms. of roads. With a view to



के यो पोखरी हो? (माथि)
**Is this a pond? (above)**



प्रहरीहरु कमलपोखरी सफाइ गर्दै (दायाँ)
**Policemen on Kamal Pokhari pond cleaning campaign. (right)**







arresting the situation, the traffic police has brought to use certain gadgets to examine the extent of pollution caused by emissions from worn out vehicles. Vehicles emitting pollutants that exceed the specified limit will be deemed unfit for use in the streets.

**प्रहरीद्वारा सगरमाथा सफाइ अभियानका दृश्यहरु**
**Everest Cleaning Expedition from pick to peak.**



श्री ५ को सरकार

**वातावरण संरक्षण परिषद्**

His Majesty's Government

**Environment Protection Council**

# प्रमाण-पत्र Certificate

विश्व वातावरण दिवस, २०५० को उपलक्ष्यमा काठमाडौंमा मिति २०५० जेष्ठ २३ देखि जेष्ठ २५ गतेसम्म आयोजित प्रथम **वातावरणीय मेला** मा नेपाल प्रहरी ... ले सकृय रुपले भाग लिए बापत सधन्यवाद यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

This is to certify that ...Nepal Police... actively participated in the first **Environmental Fair** organized from 5th to 7th June, 1993 in Kathmandu on the occasion of the World Environment Day 1993

Ram Prakash Yadav

Dr. Ram Prakash Yadav
Member, National Planning Commission
and
Member, Environment Protection Council

Dr. Ishwor Prasad Upadhyay
Secretary, Ministry of Education, Culture & Social Welfare
and
Member-Secretary, Environmental Fair Organising Committee

3. Traffic police have come up with new parking arrangements and with limited resources have exploited all the possibilities to regulate traffic in view of increasing road accident rate.
4. Public awareness programmes are organized at various levels to educate the street users about their rights and responsibilities. Traffic Safety Week Programme is organized each year, by involving students and other people from different walks of life.
5. Specially trained Traffic personnel are deployed on the road during rush hours and road offenders are dealt with sternly in the spirit of the Vehicle Act. Computers have been installed at valley Traffic Police Office to monitor the traffic hazard and other practices in the road.




वातावरण-दिवसको उपलक्ष्यमा प्रहरीद्वारा **प्रदर्शन गरिएको स्टल**

Police stall at the Environmental Exhibition



# बिटिङ्ग द रिट्रिट २०४९













नेपाल प्रहरीले आफ्नो गौरवमय परम्पराअनुसार "बिटिङ्ग द रिट्रिट" कार्यक्रम आयोजना गरी श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सव मनाउँदै आएको छ। यस क्रममा गतवर्ष पनि कार्तिक २३ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको प्राङ्गणमा भव्य रूपमा विटिङ्ग द रिट्रिट कार्यक्रम आयोजना गरियो।

सशस्त्र प्रहरी, दंगा प्रहरी, महिला प्रहरी, ट्राफिक प्रहरी, पहरा गण प्रहरी भएको सम्मानगारद तथा सामूहिक बैण्डले अर्पण गरेको शाही सलामीबाट शुरू भएको उक्त कार्यक्रममा विविध रोचक क्रियाकलापहरू प्रस्तुत भएको थियो। कार्यक्रमको प्रारम्भमा सोरठी नृत्यका साथै विभिन्न क्षेत्रका संस्कृति प्रदर्शन गर्ने सिलसिलामा सांस्कृतिक झाँकीहरू प्रस्तुत भएका थिए। यसपछि सामूहिक प्रहरी





बैण्ड डिस्प्ले, शुभ-कामना गीत, कुकुरहरूद्वारा प्रदर्शन, जुडो, करांते, मुगदल, जिम्नाष्टिक, खुकुरी व्यायाम तथा कार्यक्रमको अन्तमा रोचक मोटरसाइकल स्टण्टको प्रदर्शन भएको थियो। करीब २ घण्टा लामो उक्त कार्यक्रम नजर हुन श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहदेव र श्री ५ अधिराजकुमारी कोमल राज्य लक्ष्मी देवी शाह सरकारको सवारी होइबक्सेको थियो। समारोहमा प्रधानमन्त्री, राष्ट्रिय सभाका अध्यक्ष, मन्त्रीगण, विदेशी कूटनीतिक नियोगका प्रमुखहरू, भू. पू.





प्रहरी अधिकृतका साथै ठूलो संख्यामा जनसाधारणको उपस्थिति थियो।

कार्यक्रमको अन्तमा मुख्य अतिथि श्री ५ अधिराजकुमार सरकारबाट उत्कृष्ट कला प्रदर्शन गर्ने प्रहरी अधिकृत तथा जवानहरूलाई पुरस्कार वितरण गरिबक्सेको थियो।

सोही दिन राती प्रतिष्ठानकै हातामा "प्रहरी पुनर्मिलन समारोह"को पनि आयोजना गरिएको थियो।



# Beating The Retreat 2049



Nepal police has been celebrating the Auspicious Birthday of Her Majesty the Queen every year, by organizing a spectacular "Beating the Retreat" programme. In pursuance of this glorious tradition, "Beating the Retreat" was organized amidst splendour and excitement at the premises of the National Police Academy on the 23rd. Kartik 2049.

The programme which commenced with the presentation of a Guard of Honour by the armed police, riot police, womens' police, traffic police and garrison guard police featured a variety of spectacular feats and colourful displays. A typical folk dance, Sorathi, was put up at the start











of the programme together with colourful pageantry representing different regions. This was followed by police band display, songs of loyal birthday greetings, items presented by trained police dogs, judo and karate demonstrations, stunning gymnastic feats and a khukuri drill. Breath-taking stunts by motorcyclists marked the grand finale to the enthusiastic performance.

The 2 hour long programme was graced by His Royal Highness Prince Gyanendra Bir Bikram Shah and Her Royal Highness Princess Komal Rajya Laxmi Devi Shah.

At the end of the programme, His Royal Highness Prince Gyanendra graciously distributed prizes to the police officers and other ranks who had demonstrated outstanding performances.





Also present at the function were the Prime Minister, the Chairman of the National Council, Ministers, Heads of foreign diplomatic missions, ex-police officers and a large gathering of the general public.

On the same day, a police Reunion Ceremony was also organized on the premises of the Academy.

# शुभ-जन्मोत्सव २०४९



नेपाल प्रहरीको तर्फबाट शुभजन्मोत्सव उपहार
Birthday present to His Majesty the King on behalf of Nepal Police.



श्री ५ महाराजाधिराज सरकारमा प्रहरी अधिकृतहरुबाट अभिवादन अर्पण
His Majesty the King being accorded a salute by a contingent of police officers.

नेपाल प्रहरीले सदा झैं गत वर्ष पनि राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव विविध कार्यक्रमका साथ मनायो। पुस १४ गते बिहान प्रहरी महानिरीक्षक लगायतका प्रहरी अधिकृतहरूको एक टोली प्रहरी बैण्ड र सशस्त्र प्रहरीको टुकडी नारायणहिटी राजदरबार गई मौसूफ सरकारमा सुस्वास्थ्य, दीर्घायु तथा सुशासनको लागि मंगलमय शुभकामना टक्र्यायो।

शुभ-जन्मोत्सवको उपलक्ष्यमा नेपाल प्रहरीद्वारा पुस १५ गते श्री ५ महेन्द्र पुलिस क्लबमा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरियो। उक्त सांस्कृतिक कार्यक्रममा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकार सवारी होइबक्सेको थियो। साथै त्यस अवसरमा प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि-सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, मन्त्रीगण, विदेशी कूटनीतिक नियोगका प्रमुखहरूका साथै अन्य विशिष्ट पाहुनाको उपस्थिति थियो।

सो कार्यक्रममा प्रहरी कलाकारहरूद्वारा चिरायु, झ्याउरे नृत्य, कोडा, एकल, भोजपुरी तथा सोरठी नृत्यका साथै अन्य मनोरञ्जक कार्यक्रमहरू प्रस्तुत गरिएको थियो।







# His Majesty the King's Auspicious Birthday 2049

श्री ५ महाराजाधिराजको सु-स्वास्थ्य तथा दीर्घायुको लागि टोष्ट प्रस्ताव
**Proposing a toast for the good health & long life of His Majesty the King.**





प्रहरी कलाकारहरुद्वारा प्रस्तुत विविध सास्कृतिक कार्यक्रम
Variety of cultural programme presented by Police artists.

Nepal Police upheld the glorious tradition of celebrating the auspicious Birthday of His Majesty the King amidst various programmes.

A contingent of police personnel including officers, police band and armed police led by the IGP went to the Narayanhity Royal Palace on the 14th Poush (29th Dec. 1992) to offer loyal greetings, felicitations and best wishes for the good health, long life and prosperity of His Majesty the King.

As per the past practice, a Variety Cultural Programme was organized at Mahendra Police Club in Kathmandu to mark the occasion. The Programme was graced by His Royal Highness, Crown Prince Dipendra Bir Bikram Shah Dev. Also present on the occasion were the Prime Minister, Chief Justice, Speaker of the House of Representatives, Chairman of the National Council, Ministers, Heads of Diplomatic Missions and other distinguished persons.

The artistes of the police force put up colourful folk dances, like the Chirayu, Kauda, Bhojpuri, Sorathi and Jhaurey apart from other entertaining presentations.

# प्रहरी परिवार महिला संघ गतिविधि

सामाजिक हित कल्याणका लागि स्थापित संघ-संस्था, सरह दैवी प्रकोप उद्धार कार्यमा सहयोग गर्ने, असहाय व्यक्तिहरूलाई सहयोग पु-याउने, प्रहरी कल्याण गर्ने, सहयोग गर्ने जस्ता पवित्र उद्देश्यले स्थापित प्रहरी परिवार महिला संघले हालसम्म यस क्षेत्रमा करीब ९४ लाख ५० हजार रूपियाँ आर्थिक सहयोग प्रदान गरी सेवा-भावनाको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ।

संघले हालैको बाढी-पहिरोबाट पीडित परिवारका उद्धारको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई ५० हजार १ सय १ रूपियाँ प्रदान गर्नुका साथै २० हजार मूल्यका लत्ताकपडा खरीद गरी संघको सक्रियतामा प्रहरी कर्मचारीबाट संकलन गरिएको करीब ९ हजार थान लत्ताकपडाहरू जनकपुर अञ्चलका पीडित परिवारलाई वितरण ग-यो।



प्रधान मंत्री दैवी प्रकोप उद्धार कोषका लागि संघद्वारा प्रदान गरिएको आर्थिक सहयोगको चेक हस्तान्तरण
**Donation for Disaster Relief 'True Spirit of Service'.**

यसैगरी चालु वर्षमा संघले नेपाल बाल संगठनलाई १० हजार, कर्तव्यपालनको क्रममा दिवंगत भएका प्रहरी जवानका परिवार समेतलाई १५ हजार र समाज कल्याण परिषद्लाई ५० हजार १ सय १ रूपियाँ आर्थिक सहयोग प्रदान गरेको छ। संघले यसै क्रममा दीपेन्द्र प्रहरी विद्यालयमा अक्षय कोष खडा गर्न ५० हजार रूपियाँ पनि प्रदान गरेको छ र सो रकमबाट प्राप्त हुने ब्याज रकमबाट प्रवेशिका परीक्षामा सो विद्यालयबाट सबभन्दा बढी अंक ल्याई उत्तीर्ण हुने विद्यार्थीहरूलाई आगामी वर्षदेखि प्रोत्साहनस्वरूप पुरस्कार प्रदान गरिने भएको छ।

२०४९ साल चैत २५ गते यस संघको ११ सदस्यीय कार्यकारिणी समिति गठन भएको छ।

## कार्यकारिणी समिति

१. श्रीमती कला बोहरा- अध्यक्ष
२. श्रीमती मीना खरेल- उपाध्यक्ष
३. श्रीमती निर्मला प्रधान- उपाध्यक्ष
४. श्रीमती मुगा बान्तवा- कोषाध्यक्ष
५. श्रीमती शान्ता राणा- सचिव
६. श्रीमती सरस्वती सिंह- सह-सचिव
७. श्रीमती कला भट्ट- सदस्य
८. श्रीमती ज्योति सिंह- सदस्य
९. श्रीमती सविता शाह- सदस्य
१०. श्रीमती शिला थापा- सदस्य
११. श्रीमती निशा विष्ट- सदस्य



कार्यकारिणी समितिका पदाधिकारीहरु
**Members of the Executive Committee**

# The Activities of Police Family Womens' Association



संघकी अध्यक्ष रक्तदान गर्दै
**President of the association donating blood.**

The Police Family Womens' Association has demonstrated its commitment for social service by providing financial assistance of 9 million 450 thousand rupees till date for charitable purposes. The association was established with the sacred objective of assisting social welfare organizations, disaster relief operations, police welfare and for providing possible assistance to all police staff and retired police personnel.

The association made a generous contribution of Rupees 50101/- to the Prime Minister's Disaster Relief Fund in aid of the families affected by the floods and landslides. The association also provided clothes worth 20,000 rupees together with 9000 pieces of clothing collected through the initiative of police personnel to the affected families in Janakpur zone.

Likewise, the association provided financial assistance of 10 thousand rupees to the Nepal Childrens' Organization, 15,000 rupees to the families of police personnel who died in active duty and 50,101 rupees to the Social Welfare Council. The Association has also provided a sum of rupees 50,000/- for establishing a revolving fund at Dipendra Police School. The interest accruing from the fund will be awarded to the student securing the highest marks in the Annual SLC Examination from the school, as an incentive for further progress.



प्रहरी परिवार महिलासंघको तर्फबाट सामाजिक सेवा परिषद्को लागि प्र.मं. लाई चेक हस्तान्तरण
**A cheque is being handed over to the P.M. for the Social Welfare Council on behalf of the association.**

The 11 member executive committee of the Police Family Womens' Association was constituted on the 25th Chaitra 2049.

**The office bearers are as follows:**

| | | |
|---|---|---|
| 1. | Mrs Kala Bohara | President |
| 2. | Mrs Meena Kharel | Vice President |
| 3. | Mrs Nirmala Pradhan | Vice president |
| 4. | Mrs Muga Bantawa | Treasurer |
| 5. | Mrs Shanta Rana | Secretary |
| 6. | Mrs Saraswati Singh | Joint Secretary |
| 7. | Mrs Kala Bhatta | Member |
| 8. | Mrs Jyoti Singh | Member |
| 9. | Mrs Sabita Shah | Member |
| 10. | Mrs Sheela Thapa | Member |
| 11. | Mrs Neesha Bista | Member |

# प्रशिक्षण



आन्तरिक प्रशिक्षण
**Indor Classes**

दक्ष प्रहरी:- जनशक्तिको उत्पादनमा प्रशिक्षणको महत्वपूर्ण भूमिका रहेकोले नेपाल प्रहरीले पनि प्रशिक्षणलाई प्राथमिकता दिंदै आएको छ। पांचवटा क्षेत्रीय तालीम-केन्द्रहरूमा सशस्त्र प्रहरी तालीम-केन्द्र र प्रहरी-प्रतिष्ठान समेत गरी तालीम दिने ७ (सात) वटासंस्थाहरूले नेपाल प्रहरीको लागि आवश्यक जनशक्ति उत्पादन गर्दै आएको छ। क्षेत्रीय प्रहरी तालीम केन्द्रहरूले जुनियर प्रहरी कर्मचारीहरूलाई पद अनुसारको कर्तव्यनिर्वाह गर्न सक्षम बनाउने तालीम प्रदान गर्दछ भने सशस्त्र प्रहरी तालीम-केन्द्रले विकट परिस्थितिमा गरिने प्रहरी कारबाहीलाई सक्षम र प्रभावकारी बनाउने खालको तालीम प्रदान गर्दछ। प्रहरी प्रतिष्ठानले अधिकृत आधारभूत तालीमका साथै विभिन्न व्यावसायिक विषयहरूमा अधिकृतहरूलाई उन्नत तालीम प्रदान गर्दछ। सबै तालीम-संस्थाहरूलाई स्रोत साधनयुक्त बनाई एक सशक्त प्रहरीको निर्माणमा नेपाल प्रहरी क्रियाशील छ।

यस आर्थिक वर्ष २०४९-५० मा नेपाल प्रहरीले विभिन्न २१ प्रकारका तालीमहरू स्वदेशमा संचालन गरी १३० जना सिनियर अधिकृत, ७८० जना जुनियर प्रहरी अधिकृत र ३,३६९ जना जवानहरूलाई व्यावसायिक उन्नत तालीम प्रदान ग-यो। यसैगरी २७ जना प्रहरी अधिकृतलाई विदेशमा उच्च अध्ययन र प्रशिक्षणको लागि पठाइयो भने केहीले अझै प्रशिक्षण हासिल गरिरहेका छन्। विदेशमा नेपाल प्रहरीका अधिकृतहरू एफ. वि. आइ. एकेडेमी, संयुक्तराज्य अमेरीका, सिंगापुर पुलिस एकेडेमी तथा भारतको राष्ट्रिय पुलिस एकेडेमी र वि. एस. एफ. एकेडेमी जस्ता संस्थाहरूका साथै बेलायत, अष्ट्रेलिया, फिलिपिन्स आदि देशहरूमा समेत तालीम हासिल गर्ने गर्दछन्।





बाह्य प्रशिक्षण
**Outdoor Training**

# TRAINING

Keeping in view the tremendous importance of training programmes in human resource development, Nepal Police has always accorded priority to trainings. A total of seven training centres: five regional training centres, one Armed Police Training Centre and one Police Academy are engaged in training activities thereby creating the necessary manpower. The Regional Police Training Centres train junior police personnel to conduct themselves in line with the duties and responsibilities as per their designations. Likewise, the armed police training centres prepare the police personnel for efficient and effective operations in adverse circumstances.

The National Police Academy gives basic training to police officers in addition to advanced training on various vocational subjects. Efforts are being geared to see that all training centres are well equipped with physical facilities.

During the Fiscal Year 2049-2050, Nepal Police conducted 21 different "in-country training" programmes. A total of 130 senior officers and 780 junior officers benefitted from the trainings. In addition, 2269 other police personnel underwent advanced vocational training. Likewise, 27 senior officers were sent abroad for higher education and training while some others are still undergoing training abroad. Nepal Police personnel are trained in prestigious institutions abroad like the FBI Academy - USA, Singapore Police Academy, the National Police Academy and BSF Academy India, apart from other institutions in the United Kingdom, Australia and the Philippines.



प्रधानमन्त्री दिक्षान्त
कवाजको निरीक्षण गर्नुहुँदै
**Prime Minister inspecting the passout parade of police officers' basic training**



बाधापारको एउटा क्षण
**A moment of obstacle training**

# विद्यालय प्रहरी कार्यक्रम

विभिन्न माध्यमले जनसाधारणमा चेतना जगाउनु अपराध रोकथामको क्षेत्रमा एक कारगर उपाय हो। जनसाधारणलाई अपराध रोकथाम गर्न सकिन्छ र त्यसका लागि उनीहरूले अवलम्बन गर्नुपर्ने उपाय सजिलैसित व्यवहारमा प्रयोग गर्न सकिन्छ भन्ने कुरा हामीले बुझाउनु पर्दछ। जनशिक्षाको उद्देश्य र आवश्यकता प्रत्येक श्रोता अनि वर्ग र समाजैपिच्छे फरक हुनसक्छ। तर प्रवाह गर्न खोजिएको संदेशमा भने कुनै फरक पर्दैन।



सेन्टमेरिज विद्यालयमा
प्रहरी अधिकृतहरुद्वारा कक्षासंचालन
**Police officers conducting a class at St. Marys' School.**

यिनै मान्यताहरूलाई आत्मसात् गरेर नेपाल प्रहरीले विविध विषयहरूमा विद्यालयका छात्र-छात्राहरूलाई प्रशिक्षित गर्ने कार्यक्रम सञ्चालन गरेको छ। यसमा लागूऔषध, ट्राफिक, खराब साथी-संगति, युवा हिंसा र अन्य सामाजिक अपराधहरू जस्ता विषयवस्तुहरू समावेश, गरिएको छ। अपराधको रोकथामबाहेक यस कार्यक्रमले प्रहरीलाई निर्दयी, अदक्ष, भ्रष्ट, बदमासजस्तो दृष्टिकोणबाट प्रहरी र जनताको बीचमा उत्पन्न भएको खाडललाई पुर्ने कार्य गरी जनचेतनाको स्तरलाई अभिबृद्धि गर्ने उद्देश्य राखेको छ। विविध प्रतिस्पर्धात्मक खेलहरू, प्रहरी-गतिविधिमा संलग्नता, प्रहरी अधिकृतहरूको स्कूलहरूमा भेटघाट तथा प्रवचन जस्ता गतिविधिहरूलाई यस कार्यक्रममा समावेश गरिएको छ। हाललाई यो कार्यक्रम काठमाडौं उपत्यकाका विभिन्न विद्यालयहरूमा चलाइएको छ र बिस्तारै देशव्यापी रूपमा यो कार्यक्रम लागू गर्ने नीति रहेको छ।

# SCHOOL BASED POLICING

A key element in preventing crime is public education through a variety of means. We must let the public know that prevention is possible and that they are capable of taking preventive action and that it is worth their while to do so. Education purposes and needs vary from community to community, audience to audience, but the transmission remains a critical component.

With this philosophy, Nepal Police has launched a programme of educating school children on a wide range of subjects. From drugs, traffic and peer pressure to youth violence and social crimes. Besides the crime prevention education, this programme is designed to bridge the wide gap between citizen and police and alter distorted concept of police as brutal, inefficient, corrupt, arrogant, and a nuisance in public life. Various competitive sports, participation in police activities, visits and meeting with officers has been included in the programme. At present the programme has been initiated only in the schools of Kathmandu Valley and gradually implementation throughout the country is planned.

# सामुदायिक प्रहरी

सबै मानिसहरूको सुरक्षाको स्थितिलाई मध्यनजर राखेर कहाँ बस्ने, कहाँ व्यापार गर्ने, फुर्सदको क्षण कहाँ बिताउने जस्ता कुराहरूमा छनौट गर्दछन्। नेपाली नागरिकहरूलाई सुरक्षा प्रदान गर्नु र सुरक्षाभाव दिनु नेपाल प्रहरीको कर्तव्य हो। अपराधको कार्यविधि र प्रकार गतिशील छ तसर्थ प्रहरीको कारवाही पनि गतिशील हुनुपर्दछ।

नेपाल प्रहरी हाल एउटा सशक्त कदमको रूपमा सामुदायिक प्रहरी-सेवा सञ्चालन गर्ने कोशिस गरिरहेको छ। अपराधको रोकथाम भनेको केवल आएको जाहेरी, सूचनामा कारवाही गर्नु मात्रै हैन भन्ने आधारभूत मान्यतालाई सामुदायिक प्रहरी-सेवाले प्रमाणित गर्दछ।

"प्रहरी र जनता समाजमा शान्ति सुव्यवस्था कायम गर्न परस्परमा सहयोगी हुन्" भन्ने यथार्थतालाई कार्यरूपमा परिणत गराउन सामुदायिक प्रहरी सेवा कार्यक्रम संचालन गरिँदै छ। यस कार्यक्रमलाई अझ प्रभावकारी रूपमा संचालन गर्न समुदायको संरचना र यसको आवश्यकताका बारेमा अध्ययन गर्दै प्रहरी अधिकृतहरूलाई समुचित ज्ञान दिने कार्य भइरहेको छ।

# Community Police

We all make important choices based on our sense of safety; where to live, where to locate a business, how to spend our leisure time and where and when to venture out. It is the responsibility of Nepal Police to provide for the safety of our citizens and to help them feel safe. Crime patterns are not static, and neither should the police response be static.

Nepal police is currently trying to implement the Community Policing as the dominant strategy.

Community policing philosophy reaffirms that crime prevention, not merely responding to call for service, is the basic mission of the police. Crime prevention is accomplished by having a visible police presence in neighborhoods and undertaking activities to solve the crime producing problems, arrest law violators, maintain order and resolve disputes before they result in violence. In community policing it is understood that police and citizens are partners in the maintenance of safe and peaceful neighborhoods. For a continuous implementation of community policing strategy, we are at the moment studying the community patterns, needs, and chartering the orientation to the police officers.

DAIHATSU
ROCKY

DAIHATSU

2765 cc Diesel Engine
New Improved Models
With Lot of Power and
Interior Comfort.



A DYNAMIC
OFF ROAD VEHICLE

Contact:
BHUDEO TRADING
Golchha House, Ganabahal, Kathmandu, Tel: 221101

# लागूऔषध विरुद्ध प्रहरी

लागूऔषधको समस्याले आज अन्तर्राष्ट्रिय परिवेशलाई आफ्नो बाहुपासमा समेटेको छ। नेपाल प्रहरीले पनि यस अन्तर्राष्ट्रिय समस्यासँग जुध्न प्रभावकारी कदमहरू चालेको छ र उल्लेखनीय उपलब्धि हासिल समेत गरेको छ। लागूऔषध नियन्त्रणसम्बन्धी तालीमहरू र सेमिनारको आयोजना, गाँजा र अफिम खेती नष्ट, ओसार-पसारको क्रममा र भण्डार गरिएको अवस्थामा विभिन्न लागूऔषधहरूको बरामद र त्यसमा संलग्न व्यक्तिहरूको पक्राउ, यस दिशामा भएका महत्वपूर्ण कार्यहरू हुन्।





**चरेस बरामद**
**Seizure of Hashish.**

## विगतका वर्षहरूमा पक्राउ परेका लागूऔषधको तुलनात्मक विवरण :-

| क्र.सं | आर्थिक वर्ष | पक्राउ नेपाली | पक्राउ विदेशी | गांजा | | | चरेस | | | हेरोइन | | | अफिम | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कि.ग्रा. | ग्राम | मि.ग्रा. | कि.ग्रा. | ग्राम | मि.ग्रा. | कि.ग्रा. | ग्राम | मि.ग्रा. | कि.ग्रा. | ग्राम | मि.ग्रा. |
| १. | ०४६।४७ | ४५ | १४ | ११६५ | ३७६ | - | २१२ | २०४ | ७६० | ७ | - | ६२२ | - | ७९३ | ५०० |
| २. | ०४७।४८ | ३२२ | - | ७३६ | ८० | - | ३९६ | २३४ | ९०४ | २ | ३०६ | ८९७ | - | ९० | - |
| ३. | ०४८।४९ | ४७१ | ४९ | ५४५ | ४९४ | ७४२ | ७०९ | ७६७ | ४१७ | ८ | ४२४ | ९३७ | - | १७१ | - |
| ४. | ०४९।५० | ४४० | १०० | २०७६ | ८२१ | ७५० | ९२६ | ३५५ | ५०५ | २० | ९७९ | ६८८ | - | ७३७ | - |

## विगत दुईवर्षमा प्रहरीले गाँजा र अफिम खेती नष्ट गरेको विवरण

| क्र.सं. | आ.व. | किसिम | विघा | कट्ठा | धुर |
|---|---|---|---|---|---|
| १. | ०४८।०४९ | गाँजा | २२९४ | १२ | ६ |
| | | अफिम | ६२ | ८ | १५ |
| २. | ०४९।०५० | गाँजा | ३७८ | ४ | १६ |
| | | अफिम | २ | १ | १९.५ |

# POLICE AGAINST DRUG CRIME





The menace of drugs has assumed difficult proportions, holding as it does, the international environment under its clutches. Nepal Police has also initiated effective measures to combat this world wide problem. The success it has achieved is by no means small or insignificant. Holding trainings and seminars on the control of drug abuse and trafficking, seizure of narcotics, destruction of cannabis and opium cultivation and arrests of individuals involved in drug abuse and trafficking are some of the areas where Nepal Police is active.

गाँजा खेती नष्ट (माथि)
**Policemen destroying cannabis cultivation (above).**

गाँजा कुर्न बनाइएको छाप्रो (तल)
**A thatched hideout to guard cannabis cultivation.**





यसरी कति दिन ओसार्ने र आगो लगाउने?
**Police carrying out destruction of cannabis in Bara district.**

## A Comparative Chart of the Number of Arrests and Seizure in connection with Drugs Charges.

| No. | Fiscal Year | Arrested Nepali | Arrested Foreign | Marijuana | | | Hashish | | | Heroin | | | Opium | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Kg. | Gms. | Mgm | Kg. | Gms. | Mgm | Kg. | Gms. | Mgm | Kg. | Gms. | Mgm |
| 1. | 1889 | 45 | 14 | 1165 | 376 | - | 212 | 204 | 760 | 7 | - | 622 | - | 793 | 500 |
| 2. | 1990 | 322 | - | 736 | 80 | - | 396 | 234 | 904 | 2 | 306 | 897 | - | 90 | - |
| 3. | 1991 | 471 | 49 | 545 | 494 | 742 | 709 | 767 | 417 | 8 | 424 | 937 | - | 171 | - |
| 4. | 1992 | 440 | 100 | 2076 | 821 | 750 | 926 | 355 | 505 | 20 | 976 | 688 | - | 737 | - |

## Destruction of Cannabis & Opium Cultivation in the Past Two Years

| No. | Fiscal years | Type | Hectares |
|---|---|---|---|
| 1. | 1991 | Marijuana | 1554.14 |
| | | Opium | 42.29 |
| 2. | 1992 | Marijuana | 256.17 |
| | | Opium | 1.42 |

# नेपाल अधिराज्यको तुलनात्मक अपराध-स्थिति

| क्र.सं. | अपराध | आ.व. ०४४।४५ | आ.व. ०४५।४६ | आ.व. ०४६।४७ | आ.व. ०४७।४८ | आ.व. ०४८।४९ | आ.व. कै. ०४९।५० |
|---|---|---|---|---|---|---|---|
| १. | खुन डांका | १५ | ११ | १८ | ३१ | १८ | १२ |
| २. | हत्या | ३६६ | ३४३ | ३३६ | ४८० | ४९२ | ४११ |
| ३. | ज्यानमार्ने उद्योग | १०६ | ९२ | १४१ | २८३ | २९१ | २५७ |
| ४. | जबर्जस्ती करणी | ६८ | ७५ | ३७ | १११ | १३८ | १५७ |
| ५. | जीउ मास्ने बेच्ने | ६२ | १०३ | १०४ | १३७ | ११७ | १२६ |
| ६. | गैरकानूनी गर्भपतन | ८९ | ७७ | ७० | ५८ | ५६ | ८२ |
| ७. | डकैती | ११७ | ११० | १५१ | १८३ | १६९ | १५८ |
| ८. | लागु औषध | ३८९ | २९४ | २२७ | २१८ | ३१७ | ३५२ |
| ९. | चोरी | ६५७ | ५९० | ६०२ | ७३५ | ७१९ | ८१४ |
| १०. | खोटा टक | ५ | १२ | ११ | ८ | १० | १३ |

उपरोक्त तालिकाअनुसार अधिराज्यव्यापी अपराधको स्थितिलाई हेर्दा मुलुकमा ज्यान मार्ने उद्योग, जबर्जस्ती करणी, जीउ मास्ने, लागूऔषध जस्ता अपराधहरूको संख्या केही बढे पनि कर्तव्य ज्यान, खुनडांका, डकैती जस्ता अपराधहरू घटेका देखिन्छन्। बढ्दो शहरीकरण, औद्योगिकीकरण, बसाइं सराइ, आधुनिकीकरणलाई मध्यनजर राखेर अन्य राष्ट्रहरूको अपराध तथ्यांकसमेत हेर्दा हाम्रो देशमा अपराधको रोकथाम र अनुसन्धानमा प्रहरीले पाएको सफलता उल्लेखनीय छ। अपराधको स्थितिलाई नियन्त्रित गरी शान्तिपूर्ण सामाजिक जीवनको निर्माणमा श्री ५ को सरकारले प्रहरीलाई साधन-स्रोतसम्पन्न गराउंदै लैजाने नीति लिएकोले यस दिशामा सकारात्मक पाइलाहरू चालिएका छन्।



**संगठित चोरहरुको गिरोह प्रहरीको पंजामा**
**Gangs of organised criminals under Police custody .**

# A Comparative Account of the Nation wide Crime Pattern

| Srl. No. | Crime | Fiscal year 1987 | F Y 1988 | F Y 1989 | F Y 1990 | F Y 1991 | FY 1992 |
|---|---|---|---|---|---|---|---|
| 1 | Dacoity Murder | 15 | 11 | 18 | 31 | 18 | 12 |
| 2 | Murder | 366 | 343 | 336 | 480 | 492 | 411 |
| 3 | Attempted Murder | 106 | 92 | 141 | 283 | 291 | 257 |
| 4 | Rape | 68 | 75 | 37 | 111 | 138 | 157 |
| 5 | Flesh trade | 62 | 103 | 104 | 137 | 117 | 126 |
| 6 | Illegal Abortion | 89 | 77 | 70 | 58 | 56 | 82 |
| 7 | Dacoit | 117 | 110 | 151 | 183 | 169 | 158 |
| 8 | Drugs | 389 | 294 | 227 | 218 | 317 | 352 |
| 9 | Theft | 657 | 590 | 602 | 735 | 719 | 814 |
| 10 | Counterfeit | 5 | 12 | 11 | 8 | 10 | 13 |

Although the above chart reveals that there is a rise in crimes like attempted murder, rape, flesh trade and drugs, there is a decline in other crimes like murder and dacoity, keeping in view the rapid urbanization, industrialization, migration and the process of modernization, and in the context of the high crime rate in other countries, the success achieved by Nepal Police in the area of crime control is noteworthy.

The policy of His Majesty's Government to make the police force well equipped to fulfil its mandate to create a peaceful society by controlling crime has prompted positive steps in the right direction.



# अधिराज्यव्यापी वरिष्ठ प्रहरीअधिकृतः वार्षिक सम्मेलन

# Nation wide Senior Police Officers' Annual Conference

नेपाल प्रहरीलाई समयानुकूल सक्षम, दक्ष र जनमुखी तुल्याई कार्य-सम्पादनमा प्रभावकारिता ल्याउने दिशामा वर्षेनी अधिराज्यका वरिष्ठ प्रहरी अधिकृतहरू मेला भई आपसी छलफलद्वारा ठोस मार्ग पहिल्याउने प्रयास गरिन्छ। यसै क्रममा २०४९ साल असोज २८ गतेदेखि वरिष्ठ प्रहरी अधिकृतहरूको तीन दिने सम्मेलन काठमाडौंमा सम्पन्न भएको थियो।

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले असोज २८ गते वरिष्ठ प्रहरी अधिकृत वार्षिक सम्मेलनको समुद्घाटन गर्नुभएको थियो भने असोज ३० गते समापनको मुख्य आतिथ्य तात्कालीन गृहमन्त्रालयको कार्यभार सम्हाल्नुभएका माननीय पर्यटनमन्त्री श्री रामहरि जोशीले ग्रहण गर्नुभएको थियो।

सम्मेलनमा अधिराज्यभरको शान्ति सुरक्षाको स्थिति, लागू-औषध नियन्त्रण, नेपाल प्रहरीको समयसापेक्ष संगठनात्मक सुधार र विकास, अपराध अनुसन्धान तथा नियन्त्रण-समेतका विषयहरूमा वरिष्ठ प्रहरी अधिकृतहरूले छलफल गरी सुझावहरू प्रस्तुत गरेका थिए।






सम्मेलनमा प्रधानमन्त्री ज्यूद्वारा समुद्घाटन-मन्तब्य
Prime Minister delivering the opening address.




सम्मेलनका सहभागीहरु
Participants at the conference.

Nepal Police follows a tradition of organizing meetings of senior officers annually to discuss ways and means to make the police force efficient, skilled, people oriented and in tune with the changing times to enable them to execute their duties effectively. In line with this practice, a three day Senior Police Officers' Conference was opened in Kathmandu.

The Conference was inaugurated by the Rt. Hon'ble Prime Minister Girija Prasad Koirala.

The Honorable Minister for Tourism Ram Hari Joshi who was then looking after the Home Ministry attended the concluding function as the Chief Guest.

The discussions at the Conference focussed on peace and security, drug control, strengthening of the organizational structure of the police force and criminal investigation and control. Senior officers discussed these issues and offered suggestions for improvement.

# क्राउचि

## नेपाल प्रहरीका असल मित्र

नेपाल प्रहरीलाई विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्था र व्यक्तिहरूबाट निरन्तर सहयोग प्राप्त भैरहेको छ। यस क्रममा नेपाल प्रहरीका एक असल, शुभचिन्तक र सहयोगी व्यक्तिको नाम हो- 'सिरो क्राउचि'। जापानका ओशाका निवासी श्री क्राउचि लगभग दुई दशकदेखि नेपाल प्रहरीलाई विभिन्न प्रकारले सहयोग गर्दै आउनुभएको छ। २०३३ सालमा नेपाल प्रहरीले टुकुचे हिमाल आरोहण गर्ने बेलामा पनि उहाँले प्रहरी आरोहीहरूलाई तालीम प्रदान गर्नुभएको थियो। उहाँकै विशेष सक्रियतामा जापानी टोली र नेपाल प्रहरीको संयुक्त टोलीले चोयु, पाविल तथा केरलुङ् हिमालको सफल आरोहण गरेका थिए। श्री क्राउचि 'नेपाल पुलिस माउण्टेनियरिङ् एण्ड एडभेञ्चर फाउण्डेशन' का सल्लाहकार पनि हुनुहुन्छ। निरन्तर रूपमा नेपाल प्रहरीका सहयोगी रही आउनुभएका क्राउचिले गत वर्ष ७०४ जोर जुडो गी प्रदान गर्नुभएको थियो भने यस वर्ष पनि उहाँले प्रहरी विद्यालयको लागि पाठ्य तथा खेलकूद सामग्रीहरू र वीरेन्द्र प्रहरी अस्पताललाई ल्याब सामग्रीहरू, एक्स-रे मेसिन तथा अल्ट्रा साउन्ड स्क्यानिङ्ग मेसिन समेत प्रदान गर्नुभएको छ।



प्रहरी महानिरीक्षकद्वारा श्री क्राउचीलाई ने.पु.मा.ए.फा. को सदस्यता प्रदान
**Mr. Crauchi receives the membership of N.P.M.A.F. by IGP**

# CRAUCHI:

## A True Friend of Nepal Police

Various international organizations, associations and individuals have been assisting Nepal Police from time to time. One such individual is Mr. Siro Crauchi, a true friend and well wisher of Nepal Police. Mr. Crouchi, a resident of Osaka, Japan has been assisting Nepal Police over the last two decades. He had trained a team of Police mountaineers attempting the Tukuche Mountain in 1976. It is through his sincere efforts that the joint expeditions of Nepal Police and Japanese mountaineers successfully scaled the peaks of Cho Oyu, Pabil and Kerlung Mountains. Mr. Crauchi is also the Advisor to Nepal Police Mountaineering and Adventure Foundation. Mr. Crauchi who is for ever ready with a helping hand had provided 704 pairs of Ju[illegible] gear last year. This year, he has contributed text and sports materials to the police school and x-ray machine, laboratory equipment and ultra sound scanning machine to the Birendra Police Hospital.

Nepal Police expresses its sincere gratitude to Mr. Crauchi, a true friend of Nepal.

# सचित्र समाचार





श्री ५ महाराजाधिराज तथा श्री ५ बडा महारानी सरकार राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा प्रहरीद्वारा प्रस्तुत कार्यक्रम नजर गरिबक्सदै



प्र.मं.नि. ज्यू प्र.प्र.का.ला. औ शाखा निरिक्षणको क्रममा
IGP inspecting Drugs Section Police Headquarters




ट्युनिसमा ईन्टरपोलद्वारा आयोजित लागु औषध सम्बन्धी सम्मेलनमा नेपाली प्रतिनिधि मण्डल भाग लिदै
Nepalese Delegation attending a Conference on Cocaine and Heroin in Tunis, Oct. 1992

# PHOTO NEWS





Their Majesties the King and Queen grace a programme presented by
Nepal Police to mark the National Democracy Day



श्री ५ महाराजाधिराज सरकार प्रहरी कर्मचारीलाई बडा दशैंको उपलक्ष्यमा टीका बक्सँदै
His Majesty giving "Tika" to a Police Officer
on the Occasion of Bada Dashain Festival



सेवानिवृत प्रहरी अधिकृतहरुको बिदाई
Farewell to Retired Police Officers



Meeting with Assistant Director of FBI National Academy.



Briefing at Air Support Division New York.



Meeting with director of staff New York Police Department.



Meeting with the President of INTERPOL.



पुनर्मिलनको एक क्षण
A moment of reunion







तब र अब
Then and Now
(The first IGP with the Current IGP)



खेलकुदका क्षणहरु
Sports and Development






मौलो पूजा
A Moment of Worship

प्रहरी महानिरीक्षक माननीय गृहमन्त्रीलाई नेपाल प्रहरी भेट्रान्स-११ का खेलाडीहरुसंग परिचय गराउंनुहुँदै
IGP Mr. Bohara Introducing the Players of Nepal Police Veterans-11 to the Hon'ble Home Minister



इन्टरपोलको ६१ औं महासभामा नेपाली प्रतिनिधि मण्डल भागलिंदै
Nepalese Delegation to the 61st General Assembly of Interpol, in Senegal

मंगोलियाको राजधानी उलान बटोरमा आयोजित इन्टरपोलको क्षेत्रीय सम्मेलनमा नेपाली प्रमण्डलको प्रतिनिधित्व
Nepalese Representation at the Regional Conference of Interpol in the Mongolian Capital









प्रहरी प्रशिक्षण केन्द्रका समादेशकहरु भारतीय प्रहरी प्रशिक्षण केन्द्रहरुको भ्रमणको क्रममा भारतीय प्रहरी अधिकृतहरुका साथ

Commandents of the Police Training Centres with Indian Officials during a Tour of Training Academies in India

रा.प्र.प्र. प्रतिष्ठानका समादेशक भारतीय प्रहरी प्रतिष्ठानहरुको भ्रमणको क्रममा केन्द्रीय अनुसन्धान तालिम स्कूल हैदराबादमा प्रशिक्षार्थीहरुलाई सम्बोधन गर्नुहुँदै

Commandent of National Police Academy addressing the trainnees of Central Detective School, (Hyderabad) during his Visit to Indian Police Academies



भत्किएको घरमा पुरिएको मानिसको उद्धार

Disaster: Search for survivors



